# बाल संरक्षण घटना व्यवस्थापन हाते पुस्तिका

## (बाल संरक्षण सम्बन्धी घटनाहरूको व्यवस्थापन प्रकृया सहजीकरणका लागि)




नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
राष्ट्रिय बाल अधिकार परिषद्
श्रीमहल, पुल्चोक, ललितपुर

# बाल संरक्षण घटना व्यवस्थापन हाते पुस्तिका

(बाल संरक्षण सम्बन्धी घटनाहरुको व्यवस्थापन प्रकृया सहजीकरणका लागि)

नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

राष्ट्रिय बाल अधिकार परिषद्

श्रीमहल, पुल्चोक, ललितपुर

प्रकाशक

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

**राष्ट्रिय बाल अधिकार परिषद्**

श्रीमहल, पुल्चोक, ललितपुर

**प्रति**: ३०००

**प्रकाशन मिति**: २०७९ जेठ

**सर्वाधिकार**:

राष्ट्रिय बाल अधिकार परिषद्

**सल्लाह**: मिलन राज धरेल

**लेखन तथा सम्पादन** : केशब चालिसे, आत्माराम थापा, विष्णु खत्री

**मुद्रण**: रामेछाप एस.पि. प्रिन्टिङ्ग प्रेस, शंखमूल, काठमाडौं ।

# प्रकाशकीय

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ बमोजिमका विषेश संरक्षणको आवश्यकता भएका बालबालिका, दफा ६६ बमोजिमका हिंसा तथा दुर्व्यवहारबाट पीडित तथा प्रभावित बालबालिका र अधिकारको उपभोगबाट वञ्चितीकरणमा परेका बालबालिकाको संरक्षण तथा व्यवस्थापन गर्नु राज्यको दायित्वको रुपमा रहेको छ । बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ तथा यसको नियमावली २०७८ ले संघमा राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेशमा प्रदेश बाल अधिकार समिति र स्थानीय तहमा स्थानीय बाल अधिकार समितीको व्यवस्था गरेको छ । यसैगरी बालबालिकालाई आवश्यक संरक्षण सेवा प्रदान गर्नका लागि बाल हेल्पलाइन सेवा (१०९८), बालबालिका खोजतलास सेवा (१०४), बाल कल्याण अधिकारी, बालकोष, समाजसेवी वा बाल मनोविज्ञ, अस्थायी संरक्षण सेवा, पुनःस्थापना केन्द्र, वैकल्पिक स्याहार लगायतका बाल संरक्षण सम्बन्धी संयन्त्रको व्यवस्था गरेको छ ।

बालबालिकाको संरक्षण कार्यका लागि व्यवस्था भएका कानूनी संयन्त्रहरु हाल सम्म करिब तीन सय स्थानीय तहहरुमा स्थापना भैसकेका छन् भने नभएका स्थानीय तहहरुमा समेत क्रमशः स्थापना हुने क्रम जारी छ । बाल संरक्षण संयन्त्र स्थापना भएका स्थानीय तहले सो संयन्त्रमार्फत र स्थापना नभएका स्थानीय तहहरुमा बालबालिकाको विषय हेर्ने शाखामार्फत बाल संरक्षण घटना व्यवस्थापन कार्य गर्नु कानुनी दायित्वको रुपमा रहेको छ ।

बाल संरक्षण प्रणालीको स्थापना तथा सुदृढीकरण सम्बन्धमा राष्ट्रिय बाल अधिकार परिषद्ले विगतमा सञ्चालन गरेको देशव्यापी अभियानको क्रममा बाल संरक्षण घटना व्यवस्थापनमा समबुझाई र कार्य प्रकृयामा एपरुपता कायम गर्नका लागि सन्दर्भ श्रोत सामाग्रीको माग भए बमोजिम यो हाते पुस्तिकाको प्रकाशन गरिएको छ । बाल संरक्षण घटना व्यवस्थापनका प्रकृया, स्थानीय तह लगायत बाल संरक्षण घटना व्यवस्थापनमा जिम्मेवार तथा सहयोगी संयन्त्रहरुको भूमिकालाई सरल र सहज रुपमा यस हाते पुस्तिकामा समेट्ने प्रयाश गरिएको छ ।

यो हाते पुस्तिकाले जुनसुकै स्थान र समयमा पनि समस्यामा परेका बालबालिकालाई आवश्यक संरक्षण सेवा तथा अधिकार प्रचलनका लागि कार्यसम्पादन प्रकृया, जिम्वेवार निकाय र सहयोगी संयन्त्रहरुको भूमिका लगायतका विषयमा मार्गदर्शन गर्ने र यसबाट बाल संरक्षण सम्बन्धी

सवालहरु स्थानीय तहमा नै तत्काल सम्बोधन गर्न सहयोग पुग्नेमा राष्ट्रिय बाल अधिकार परिषद विश्वस्त रहेको छ । यस हाते पुस्तिका लेखन तथा सम्पादन गर्ने कार्यमा सहयोग गर्नुहुने व्यक्तिहरु लगायत निर्माण तथा प्रकाशन सहयोग गर्ने युनिसेफ नेपाल प्रति परिषद् आभार व्यक्त गर्दछ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ लागु भएपछी पहिलो पटक प्रकाशन गरिएको यस हाते पुस्तिकालाई आगामी प्रकाशनहरुमा अझ बढी परिष्कृत र उपयोगी बनाउनका लागि यहाँहरुको महत्वपूर्ण सुझावको अपेक्षा गर्दछौं ।

**मिलनराज धरेल**
कार्यकारी निर्देशक

# विषयसूची


हाते पुस्तिकाको परिचय ... १

हाते पुस्तिकाको उद्देश्य ... १

लक्षित प्रयोगकर्ता ... २

हाते पुस्तिकामा समेटिएका मुख्य मुख्य विषयहरु ... ३

हाते पुस्तिकाको सीमितता ... ३

**पाठ–१**

१.१ बाल संरक्षण के हो ? ... ४

१.२ बाल संरक्षण घटना व्यवस्थापन के हो ? ... ५

१.३ बाल संरक्षण घटना व्यवस्थापनको उद्देश्य ... ६

१.४ बाल संरक्षण घटना सम्बोधन प्रणालीको आवश्यकता ... ६

१.५ व्यवस्थापन गर्नुपर्ने बाल संरक्षण सम्बन्धी घटनाहरु ... ७

१.६ विशेष संरक्षणको आवश्यकता भएका बालबालिका ... ७

१.७ बालबालिका विरुद्धको हिंसा तथा दुर्व्यवहारबाट पीडित तथा प्रभावित बालबालिका ... ८

१.८ बाल अधिकार वञ्चितीकरणबाट पीडित तथा प्रभावित बालबालिका ... ९

१.९ विभिन्न कारणले जोखिममा परेका बालबालिका ... ९

१.१० घटना व्यवस्थापन सम्बन्धी कानूनी व्यवस्था ... १०

१.११ बाल अधिकार तथा संरक्षण संयन्त्रहरु ... ११

**पाठ–२**

२.१ बाल संरक्षण घटना व्यवस्थापनका चरणहरु ........ २०

चरण १- सूचना प्राप्ति र दर्ता ........ २१

चरण २- प्रारम्भिक तथा विस्तृत लेखाजोखा र घटना दर्ता ........ २२

चरण ३- संरक्षण सेवा प्रवाह ........ २४

चरण ४- अनुगमन तथा समिक्षा ........ २९

चरण ५- घटना समापन ........ ३०

**अनुसूचीहरु**

अनुसूची १- बाल संरक्षण सम्बन्धी केही घटनाहरु र सो को सम्बोधनका लागि आवश्यक विवरणहरु

अनुसूची २- घटना व्यवस्थापन सम्बन्धी केही फारामहरु

# हाते पुस्तिकाको परिचय

**क) हाते पुस्तिकाको परिचय**

स्थानीय तहमा बालबालिकाको घटना व्यवस्थापन प्रक्रियामा गर्नुपर्ने कार्यहरूको सहजीकरणका लागि यो हाते पुस्तिका निर्माण गरिएको छ । यसमा विशेषगरी बाल संरक्षण सम्बन्धी स्थानीय तहमा आइपर्ने घटनाहरू र त्यस्ता घटनाहरूलाई सम्बोधनका लागि बाल अधिकार समिति, बाल कल्याण अधिकारी, समाजसेवी, बाल मनोविज्ञ, बाल हेल्पलाइन सेवा (१०९८), बालबालिका खोजतलास सेवा (१०४) लगायत बाल संरक्षण घटना व्यवस्थापनमा जिम्मेवार व्यक्ति तथा निकायहरूको भूमिकालाई स्पष्टता कायम गर्न यो हाते पुस्तिका निर्माण गरिएको छ । यस पुस्तिकामा बाल संरक्षण घटना व्यवस्थापन विषयमा भएका कानूनी तथा नीतिगत व्यवस्थाहरू, बाल संरक्षण सम्बन्धी संयन्त्रहरू, घटना व्यवस्थापनमा संलग्न हुने सरोकारवालाहरू तथा सिफारिस प्रक्रियाको बारेमा जानकारी गराइएको छ । बाल संरक्षण घटना व्यवस्थापन प्रक्रियाहरूलाई सरलीकृत र स्पष्ट पार्ने उद्देश्यले घटना व्यवस्थापन कार्य गर्दा के गर्ने, कसरी गर्ने, कसले गर्ने, भन्ने विषयमा यस हाते पुस्तिकामा उल्लेख गरिएको छ ।

यस हाते पुस्तिकाले स्थानीय तहमा बाल संरक्षण सम्बन्धी घटनाहरूको सम्बोधनमा बाल कल्याण अधिकारीलाई सहज गर्नुका साथै यसले बालबालिका लक्षित सेवा प्रवाहमा समबुझाई र तत्काल सम्बोधन प्रक्रियालाई सहजीकरण गर्नेछ । यसबाट स्थानीय तहमा रहेका बाल संरक्षण सम्बन्धी संयन्त्रहरूको परिचालनमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

**ख) हाते पुस्तिकाको उद्देश्य**

बाल संरक्षण घटना व्यवस्थापन सम्बन्धी हाते पुस्तिकाको विशिष्टिकृत उद्देश्य नीति तथा ऐनको अधीनमा रही बाल संरक्षण सम्बन्धी घटना सम्बोधनको विषयमा सबैमा समबुझाई कायम गर्नु तथा ऐन र कार्यविधि अनुसारका प्रक्रियाहरूलाई सरलीकृत गर्नु हो । यस हाते पुस्तिकाको अन्य उद्देश्य निम्नानुसार रहेको छः

(१) ऐन बमोजिम विशेष संरक्षणको आवश्यकता भएका, जोखिममा परेका, कसूरबाट पीडित भएका तथा बाल अधिकार उल्लङ्घन भएका बालबालिकाको तत्काल संरक्षण तथा आवश्यक सम्बोधन तथा व्यवस्थापनमा सहजीकरण गर्न आवश्यक ज्ञान, सीप र जानकारी प्रदान गर्नु ।

(२) घटना व्यवस्थापनका कार्यमा बालबालिकाको सर्वोत्तम हित निर्धारण गर्न संलग्न व्यक्ति तथा निकायहरूमाभ्क समबुझाई कायम गर्नु ।

**ग) लक्षित प्रयोगकर्ता**

सामान्यतया बाल संरक्षण घटना व्यवस्थापन कार्यमा प्रत्यक्ष संलग्न हुने स्थानीय तह, नेपाल प्रहरी, बाल हेल्पलाइन सेवा, बालबालिका खोजतलास सेवा लगायत घटना व्यवस्थापन कार्यमा सहयोग गर्ने सेवा प्रदायक संस्थामा कार्यरत व्यक्तिहरू यस हाते पुस्तिकाको लक्षित प्रयोगकर्ताको रुपमा लिइएको छ । यस हाते पुस्तिकाको विशिष्टिकृत लक्षित प्रयोगकर्ता निम्नानुसार रहेका छन्ः

१. **बाल संरक्षण घटना व्यवस्थापन कार्यमा प्रत्यक्ष संलग्न हुने**
- स्थानीय बाल अधिकार समिति
- बाल कल्याण अधिकारी
- समाजसेवी तथा बाल मनोविज्ञ
- नेपाल प्रहरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र
- बाल हेल्पलाइन सेवा (१०९८)
- बालबालिका खोजतलास सेवा (१०४)
- एकद्वार संकट व्यवस्थापन केन्द्र (One Stop Crisis Management Center (OCMC)

२. **बाल संरक्षण घटना व्यवस्थापन कार्यका सेवा प्रदायक**हरू
- अस्थायी संरक्षण सेवा
- पुनःस्थापना केन्द्र
- वैकल्पिक स्याहार प्रदायक व्यक्ति, संरक्षक तथा संस्था

३. **अन्य सरोकारवाला**हरू
- सरकारी वकिल कार्यालय
- स्वास्थ्य सेवा प्रदायक
- शैक्षिक संस्थाहरू
- सामुदायिक संस्थाहरू
- बालक्लब, बाल सञ्जाल, आमा समूह लगायत समुदायमा आधारित समूह र सञ्जालहरू
- सञ्चारकर्मीहरू

**घ) हाते पुस्तिकामा समेटिएका मुख्य विषयहरू**

यस हाते पुस्तिकामा मुख्यतयाः बाल संरक्षण सम्बन्धी अवधारणागत स्पष्टता, विद्यमान नीतिगत तथा कानूनी प्रवधानहरू, ऐन बमोजिम सम्बोधन गर्नुपर्ने घटनाहरू व्यवस्थापनका चरण तथा प्रक्रियाहरू र प्रक्रियागत रुपमा संयन्त्रहरूको भूमिका र घटना व्यवस्थापनका चरणहरूमा प्रयोग गरिने केही फारमहरूको नमुना समावेश गरिएको छ । बालसंरक्षण सम्बन्धी घटना व्यवस्थापन कार्यमा घटनाको प्रकृति अनुसार हिंसा तथा दुर्व्यवहारबाट पीडित र प्रभावित, अधिकारबाट वञ्चित भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार तथा संरक्षण सहयोग गर्दा के के प्रकृयामार्फत गर्ने र कस कसको भूमिका के हुन्छ भन्ने विषयहरू यस हाते पुस्तिकामा उल्लेख गरिएको छ ।

**(ङ) हाते पुस्तिकाको सिमितता**

बालसंरक्षण सम्बन्धी घटनाहरू फरक फरक प्रकृतिका हुन सक्दछन् । घटनाको प्रकृति समुदाय, भुगोल तथा स्थानीय परिवेश अनुसार विविध किसिमका हुन सक्दछन् । बालबालिका सम्बन्धी ऐन, २०७५ ले प्रावधान गरेका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका, अधिकारको उपभोगबाट वञ्चितकरणमा परेका बालबालिका र हिंसा तथा दुर्व्यवहारबाट पीडित र प्रभावित बालबालिकाको घटना व्यवस्थापनका लागि अपनाउनुपर्ने प्रकृयाहरू यस हाते पुस्तिकामा समावेश गरिएको छ । यस हाते पुस्तिकामा उल्लेख गरिएको व्यवस्थाहरू प्रत्येक स्थानको लागि जुनसुकै अवस्थाका घटनाहरूको लागि हु-बहु लागू नहुन पनि सक्दछ । बालसंरक्षण सम्बन्धी प्रत्येक घटनाभित्रका विशेष अवस्था, कारण वा परिवेशका अवस्थाको आँकलन गरी प्रत्येक घटनाहरूको व्यवस्थापन गर्नु उपयुक्त हुन्छ । बालबालिकाको संरक्षण तथा व्यवस्थापनको पक्षहरू मात्र समावेश गरिएको यस हाते पुस्तिकामा फौजदारी कसूरको अनुसन्धान लगायतका अपराध अनुसन्धान सम्बन्धी विषयहरू समावेश गरिएको छैन ।

# पाठ १ अवधारणागत स्पष्टता

१.१ **बाल संरक्षण के हो ?**

बाल संरक्षण भन्नाले बालबालिकालाई शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा नकारात्मक असर पार्ने किसिमका गतिविधिहरूबाट जोगाउनु भन्ने बुझिन्छ । मूलतः बालबालिकाविरूद्द हुने हिंसा, दुर्व्यवहार, विभेद, अपहेलना, अधिकारको वञ्चितीकरण, वेवास्ता र हानिकारक अभ्यासबाट बालबालिकाको संरक्षण गर्नु बाल संरक्षण हो । सामान्य अर्थमा कुनै पनि किसिमका खतराहरूबाट बालबालिकालाई सुरक्षित बनाउनु नै बाल संरक्षण हो । बाल संरक्षण अन्तर्गत मुख्यतया निम्न जिम्मेवारीहरू पर्दछन्-

- कुनै पनि स्थान, परिवेश, प्रक्रिया वा कार्यक्रमहरू बालबालिकाको सुरक्षाको दृष्टिकोणले उपयुक्त छन् वा छैनन् जाच्नु र त्यसलाई सुरक्षित बनाउनु ।
- कुनै पनि स्थान, परिवेश, प्रक्रिया वा कार्यक्रमहरूका कारणले सहभागी वा सम्बन्धित बालबालिकालाई शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक तथा नैतिक क्षति पुगेको अवस्थामा बालबालिकाको संरक्षण, पुनःस्थापना तथा उपचारको व्यवस्था मिलाउनु र उपयुक्त न्यायिक प्रक्रिया अपनाउनु ।
- बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक तथा नैतिक क्षति पुग्ने जोखिमहरू तथा सुरक्षाका उपायहरूका बारेमा सामाजिक सचेतना, नीतिगत पैरवी सञ्चालन गर्नु ।
- बालबालिकाको सुरक्षा र जोखिमको मूल्याङ्कन, व्यवस्थापन, सचेतना तथा पैरवी कार्यमा बालबालिकाको विचार, भावना, अनुभव र सुझावहरूलाई उपयुक्त ढङ्गले सुनुवाइ गर्नु ।

समग्रमा, बाल संरक्षण कार्य भन्नाले (१) बाल संरक्षणसँग सम्बन्धित समस्याका कारक तत्वलाई सम्बोधन गरिने रोकथाममूलक कार्यहरू, (२) जोखिममा रहेका बालबालिका तथा परिवार पहिचान गरी जोखिम न्यूनीकरण तथा तुरुन्त समस्या सम्बोधनका लागि सहयोग तथा कार्य व्यवस्थापन, (३) कुनै बालबालिकामाथि बाल संरक्षण सम्बन्धी कुनै समस्या परेमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिँदै सम्बन्धित बालबालिका तथा परिवारलाई विशिष्टीकृत सेवा तथा घटनाको व्यवस्थापन जस्ता समग्र कार्यहरू पर्दछन् ।

### १.२ बाल संरक्षण घटना व्यवस्थापन के हो ?

कुनै पनि प्राकृतिक र मानव सिर्जित विविध घटनाहरू तथा विपदबाट हुने हानि र जोखिमबाट समाजका संवेदनशील एवम् नाजुक समूहभित्र पर्ने बालबालिका बढी नै प्रभावित हुन्छन् । सामान्य वा आपत्कालीन, संकटपूर्ण जुनसुकै अवस्थामा बालबालिकाको संरक्षणलाई प्राथमिकता दिनु सबै व्यक्ति, संस्था तथा निकायको कर्तव्य र दायित्व हो ।

घटना व्यवस्थापन भनेको जोखिममा परेका, पर्नसक्ने तथा सहयोगको आवश्यकता भएका बालबालिका र परिवारको पहिचान गरी उनीहरूलाई समयमा नै आवश्यक सहयोग तथा सेवा दक्ष कार्यकर्ताबाट प्रत्यक्ष रुपमा नै उपलब्ध गराउने वा अन्य उचित निकायमा सिफारिस गरी सोबाट आवश्यक सेवा पूर्ण रुपमा प्राप्त गराई बालबालिकाको अधिकार सुनिश्चित गर्ने प्रक्रिया हो । यस प्रक्रियाले घटनाको प्रारम्भिक सूचना, तात्कालीन तथा दिर्घकालीन जोखिम तथा समाधानका उपायको जानकारी सङ्कलनदेखि बालबालिकाको समस्या सम्बोधनका लागि आवश्यक पर्ने सेवा प्रवाह गरी निजलाई पूर्व अवस्थामा ल्याई वा पुर्नस्थापना गरी घटनाको समापन सम्ममा गरिने समन्वय, सहकार्य, अभिलेखीकरण समेतलाई जनाउँदछ ।

घटना व्यवस्थापन, बाल संरक्षणलाई सम्बोधन गर्ने अत्यन्तै महत्वपूर्ण प्रक्रिया हो र यसले बालबालिकालाई भविष्यमा हुनसक्ने सम्भावित जोखिमबाट संरक्षित गर्नुपर्ने कार्य समेतलाई समेट्दछ । यसले बाल संरक्षण सम्बन्धी नीतिगत व्यवस्था र व्यवहारीक अभ्यासमा सामञ्जस्यता ल्याउँदै बाल संरक्षणसँग सम्बन्धित सबै सरोकारवालाबाट बाल संरक्षण घटना संरक्षण कार्यका लागि व्यवस्थित, उत्तरदायी र समन्वयात्मक प्रणालीको स्थापनामा समेत सघाउ पुऱ्याउँदछ । यसले बालबालिका तथा उनीहरूको परिवारमा सरकारी तथा गैरसरकारी निकायबाट सञ्चालित प्रणालीप्रति विश्वास बढाउनुका साथै न्यायमा पहुँच र दण्डहिनताका अन्त्य गर्ने कार्यमा टेवा पुऱ्याउँदछ ।

बालबालिका सम्बन्धी घटना व्यवस्थापन प्रक्रियामा बाल अधिकारका आधारभूतहरू सिद्धान्तसँगै मूलतः निम्न मान्यताहरूलाई ध्यानमा राख्नु जरूरी हुन्छः-

- बालबालिकाको उच्चतम हितलाई प्राथमिकता दिने
- बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने
- भेदभाव रहित व्यवहार गर्ने
- थप हानि नपुऱ्याउने
- जवाफदेहिता सुनिश्चित गर्ने

- समन्वय र सहकार्य गर्ने
- नैतिक मापदण्ड कायम गर्ने
- व्यवसायिक सीमा कायम राख्ने र स्वार्थको द्वन्द्व सम्बोधन गर्ने
- बालमैत्री एवम् संस्कृति उपयुक्त प्रक्रिया तथा सेवा प्रदान गर्ने

### १.३ बाल संरक्षण घटना व्यवस्थापनको उद्देश्य

विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण सेवा सम्बन्धी अधिकारको कार्यान्वयन गर्नु राज्यको दायित्व हो । विशेषगरी बालबालिका विरुद्ध भएका घटनाका कारण बालबालिका थप जोखिममा पर्ने भएकोले सो को तत्काल सम्बोधन गर्नु अपरिहार्य रहेको छ । बाल संरक्षण घटना व्यवस्थापन कार्यको उद्देश्य निम्नानुसार रहेको छः-

(क) विशेष संरक्षणको आवश्यकता भएका, जोखिममा परेका, कसूरबाट पीडित भएका, बाल अधिकारको उपभोगबाट बञ्चितिकरणमा परेका बालबालिकाको तत्काल संरक्षणका लागि त्यस्ता घटनाहरूको सम्बोधन तथा व्यवस्थापन गर्ने,

(ख) बालबालिकाको सर्वोत्तम हित निर्धारण गर्न सम्बन्धित सबै तहका निकाय, संस्था तथा पदाधिकारीहरू बिच समबुझाई कायम गरी समन्वयात्मक रूपमा बालबालिकाको घटना व्यवस्थापन कार्य गर्ने,

(ग) बालबालिकाको घटना व्यवस्थापन सम्बन्धी कार्यसम्पादन प्रक्रियामा स्पष्टता ल्याई एकरूपता कायम गर्ने ।

### १.४ बाल संरक्षण घटना सम्बोधन प्रणालीको आवश्यकता

बालबालिकाविरुद्धका विभिन्न किसिमका हिंसा, दुर्व्यवहार तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण सम्बन्धमा स्थानीय तह तथा बाल कल्याण अधिकारीको भूमिकाबारे समबुझाई तथा घटना सम्बोधन प्रक्रियामा एकरुपता हुन नसक्दा त्यस्ता घटनाहरूको समयमै उचित सम्बोधन नहुन सक्छ । यसका कारण बालबालिका थप जोखिममा पर्ने अवस्था आउँदछ । साथै अधिकार प्राप्त निकायले आफ्नो दायित्वबारे जानकार नहुँदा समयमै सेवा प्रदान गर्न कठिन हुन्छ । यस किसिमका अवस्थालाई सुधार गरी तत्काल संरक्षण सेवा प्रदान गर्न वा सेवा प्रदायक संस्थासंगको सहयोग र समन्वयमा भरपर्दो सिफारिस प्रणाली विकास गर्न सहजीकरण गर्ने उद्देश्यले घटना व्यवस्थापन प्रक्रिया अवलम्वन हुन जरुरी हुन्छ ।

घटना व्यवस्थापन तथा सिफारिस प्रणालीको प्रयोग हुँदा सरकारी (प्रहरी कार्यालयसमेत) र गैरसरकारी संस्थाहरूलाई समेत घटना सम्बोधन गर्ने विभिन्न चरणमा जिम्मेवार बनाईएको हुन्छ । यो सरकारी निकाय र गैरसरकारी संघ संस्था वीचको भूमिकालाई प्रष्ट पार्ने माध्यम पनि हो । विशेष गरी घटना व्यवस्थापनको प्रशासनिक कार्य अर्थात निर्णयकर्ताको रुपमा सरकारी निकाय तथा पदाधिकारीको भूमिका रहन्छ भने व्यवस्थापन तथा कार्यान्वयन प्रक्रियामा सेवा प्रदायकको भूमिका रहन्छ ।

### १.५ बाल संरक्षण घटना व्यवस्थापन गर्नुपर्ने घटनाहरू

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ बमोजिमका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका, ऐनको दफा ६६ बमोजिमको बालबालिका विरुद्धको कसूरबाट पीडित तथा प्रभावित र बाल अधिकारको उपभोगबाट वञ्चितीकरणमा परेका बालबालिकाको घटना व्यवस्थापन कार्य गर्नु पर्दछ । बाल संरक्षण घटना व्यवस्थापन र सेवा प्रदान गरिने लक्षित बालबालिकाको समूह भित्र निम्नानुसारका बालबालिका पर्दछन्ः

(क) बालबालिका सम्बन्धी एन २०७५ ले परिभाषित गरेको विशेष संरक्षणको आवश्यकता भएका बालबालिका
(ख) कुनै पनि कारणबाट बाल अधिकारको उल्लंघन भएका तथा हिंसा, दुर्व्यवहार, भेदभाव, शोषण लगायतबाट पीडित भएका, प्रभावित भएका बालबालिका
(ग) बाल अधिकारको उपभोगबाट वञ्चितीकरणमा परेका बालबालिका
(घ) विभिन्न कारणले जोखिममा रहेका बालबालिका ।

### १.६. विशेष संरक्षणको आवश्यकता भएका बालबालिका

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ ले परिभाषित गरेका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका निम्मनानुसार प्रस्तुत गरिएको छः

- अनाथ बालबालिका,
- अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका बालबालिका
- बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका,
- बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,
- कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको

लागि सिफारिस भएका बालबालिका,

- थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,
- जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका,
- बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,
- जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका, धूमपान, मद्यपान एवं अन्य लागूऔषधको कुलतमा फसेका, एच.आई.भी. सक्रमित बालबालिका,
- गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाइ भएका बालबालिका,
- विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा आमा बाबुमध्ये एक गुमाएका, बेपत्ता भएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका,
- विपन्न दलित समुदायका बालबालिका

**१.७ बालबालिका विरुद्धको हिंसा तथा दुर्व्यवहारबाट पीडित तथा प्रभावित बालबालिका**

- घर, परिवार, विद्यालय लगायत जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड सजाँयबाट पीडित बालबालिका
- शारीरिक चोटपटक, कुटपिट, यातना, धम्कि, तिरस्कार, उपेक्षा, भेदभाव, वहिस्कार वा घृणा तथा मानसिक पीडा लगायतबाट पीडित बालबालिका
- बालिगहरूका लागि खोलिएको डान्सबार, क्यासिनो जस्ता मनोरञ्जनस्थलमा श्रमिकको रूपमा संलग्न गराइएका बालबालिका
- विद्युतिय वा अन्य माध्यम प्रयोग गरी सताइएका वा यातनामा परेका बालबालिका
- राजनितिक प्रयोजनका लागि (नारा, जुलुस, हड्ताल, बन्द आदी) प्रयोग भएका बालबालिका
- क्रुर अमानवीय व्यवहार तथा यातनाबाट पीडित वा प्रभावित बालबालिका

- सनातन, परम्परा वा कानुनले अनुमती दएको कुनै धार्मिक वा सांस्कृतिक कार्यका लागि बाहेक भिक्षा माग्ने कार्यमा संलग्न भएका, सन्यासी, भिक्षु, फकिर वा अन्य कुनै भेष धारण गराइएका बालबालिका
- जबरजस्ती अनाथ घोषणा गरिएका वा अनाथको रुपमा दर्ता गरिएका बालबालिका
- परम्परा, संस्कृति, रितिरिवाजका नाममा कुनै प्रकारको हिंसा, विभेद, हेँला वा वहिस्कारमा वा उपहासमा परेका बालबालिका
- जादु वा सर्कसमा संलग्न गरिएका बालबालिका
- बालविवाहमा परेका वा पर्न लागेका बालबालिका
- प्रचलित कानून विपरित अङ्ग झिकिएका वा झिक्न लागिएका बालबालिका
- कानुन विपरीत औषधि वा अन्य परिक्षणका लागि प्रयोग भएका बालबालिका
- कानून विपरित बालगृहमा राखिएका बालबालिका
- यौनजन्य हिंसा तथा दुर्व्यवहारमा परेका बालबलिका
- विपद् लगायतका आपत्कालीन अवस्थाका कारण जोखिममा रहेका बालबालिका
- साइबर अपराधबाट पीडित बालबालिका

### १.८ बाल अधिकार बञ्चितीकरणबाट पीडित तथा प्रभावित बालबालिका

नेपालको संविधान, नेपाल पक्ष राष्ट्र भएका बालबालिकाको अधिकार तथा संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरू, बालबालिका सम्बन्धी ऐन, २०७५ तथा अन्य नेपाली कानुनले बालबालिकाको लागि सूनिश्चित गरेका अधिकारहरूको बालबालिकाले सहज रुपमा उपभोग गर्न नपाउनु बाल अधिकार वञ्चितीकरण हो । बाल अधिकार बञ्चितिकरणले बाल अधिकारको हनन् मात्र नभई दीर्घजिवन तथा विकासमा समेत नकारात्मक असर पार्दछ । बाल अधिकार वञ्चितीकरणका घटनाहरू निम्नानुसार प्रस्तुत गरिएको छः-

- जन्मदर्ता तथा पहिचानको अधिकारबाट बञ्चित भएका बालबालिका
- शिक्षा, खेलकुद तथा उपयुक्त मनोरञ्जनको पहुँचबाट वञ्चित बालबालिका
- सहभागिता, खोप, पोषण र आवश्यक स्वास्थ्य सेवाबाट वञ्चित भएका बालबालिका

### १.९ विभिन्न कारणले जोखिममा परेका बालबालिका

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ बमोजिमको विशेष संरक्षणको आवश्यकता भएका तथा दफा ६६ बमोजिमको बालबालिका विरुद्धको कसूरबाट पीडित तथा प्रभावित बालबालिका बाहेक

अन्य कारणले समस्यामा परेका वा पर्न सक्ने बालबालिकाको समेत बाल संरक्षण घटना व्यवस्थापन कार्य गर्नु पर्दछ । यस अन्तर्गत सामन्यतया निम्नानुसारका बालबालिका पर्दछन्ः-

- हराएका बालबालिका
- सडकमा आश्रित बालबालिका
- तत्काल सहयोगको आवश्यकता भएका बालबालिका
- मापदण्ड विपरित सञ्चालनमा रहेका वैकल्पिक स्याहारमा रहेका बालबालिका
- विपद् वा महामारीले अल्पकालिन रुपमा विशेष सहयोग तथा संरक्षणको आवश्यकता भएका बालबालिका
- अनधिकृत रुपमा स्थानान्तरण गरिएका बालबालिका
- धुमपान, मद्यपान तथा कूलतमा संलग्न रहेका बालबालिका

### १.१० **घटना व्यवस्थापन सम्बन्धी कानूनी व्यवस्था**

बालबालिकाको घटना व्यवस्थापन सम्बन्धी कानूनी व्यवस्था बारे छुट्टै उल्लेख नभएता पनि बालबालिका सम्बन्धी ऐन, २०७५ तथा नियमावली २०७८ मा बाल कल्याण अधिकारीको जिम्मेवारी अन्तर्गत यसलाई समेटिएको छ । बालबालिकाको घटना व्यवस्थापनमा विभिन्न अन्तर्राष्ट्रीय प्रचलन तथा अभ्यास गरिएका मापदण्डहरूलाई विभिन्न देशहरूमा प्रयोग गरिएको पाईन्छ । यी मापदण्डलाई आधार मान्दै विद्यमान बालबालिका सम्बन्धी ऐन तथा सम्बन्धित विभिन्न नीति, निर्देशिकामा स्थानीय तह, बाल कल्याण अधिकारीको व्यवस्था, बालमनोविज्ञ तथा समाजसेवीको व्यवस्था, राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश बाल अधिकार समिति, स्थानीय बाल अधिकार समितिको भूमिका तथा जिम्वेवारी, बालअदालत, निगरानी कक्षको व्यवस्था, अस्थायी संरक्षण केन्द्र, बालहेल्पलाईन सेवा, बालबालिका खोजतलास सेवा लगायतलाई तोकिएको जिम्मेवारी अन्तर्गत घटना व्यवस्थापनका विभिन्न चरण तथा सोको कार्यान्वयनमा प्रत्येक्ष या परोक्ष भूमिका रहन्छ ।

माथी उल्लेख भए बमोजिमका बालबालिकालाई आवश्यकता अनुसार उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन, पुनःस्थापना, वैकल्पिक हेरचाह, परिवार सहयोग, सामाजिक सुरक्षा, सामाजिकीकरण लगायत अन्य सेवा तथा सहयोग तोकिए बमोजिम हुनेछ भनि घटनाको तत्काल सम्वोधन र उपयुक्त घटना व्यवस्थापन हुनुपर्ने तर्फ ऐनमा उल्लेख भएको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५० मा बालबालिकाको संरक्षण सम्बन्धमा निम्नानुसारको व्यवस्था गरिएको छः-

- कसैले बिशेष संरक्षणको आवश्यकता भएका बालबालिका रहेभएको थाहा पाएमा सो को सूचना बाल कल्याण अधिकारीलाई दिनुपर्ने
- बाल कल्याण अधिकारीले उद्धार गर्नुपर्ने देखेमा उद्धार गरी अस्थायी संरक्षण सेवामा राख्ने
- बाल कल्याण अधिकारीले जांचबुझ तथा छानविन गरी आवश्यक सेवाको प्रवन्ध गर्ने
- बाल कल्याण अधिकारीले आवश्यक सेवा प्रदान गर्न तोकिएको समाजसेवीलाई जिम्वेवारी दिन सक्ने
- विशेष संरक्षण आवश्यक नपर्ने भएमा बाल कल्याण अधिकारीले आमा, बाबु तथा परिवारको सदस्य वा संरक्षक फेलापरेमा जिम्मा लगाउने
- बाल कल्याण अधिकारीले आमा, बाबु तथा परिवारको सदस्य वा संरक्षकलाई जिम्मा लगाउँदा आवश्यक सेवा प्रदान गर्नुपर्ने देखेमा सम्बन्धित निकायमा समन्वय गरी सेवा प्रायोजन तथा परिवारलाई सहयोग गर्ने
- जांचवुझ गर्दा वैकल्पिक स्याहारको आवश्यकता भएको देखिएमा बाल कल्याण अधिकारीले बैकल्पिक स्याहारको व्यवस्था गर्नुपर्ने
- बालबालिका परिवारबाटै पीडित भएकोमा वा पीडकसँग मिल्ने जोखिम भएमा बाल कल्याण अधिकारीले बालबालिकाको ईच्छा बमोजिम निश्चत अवधिका लागी परिवारबाट अलग गराई अस्थायी संरक्षणमा राख्ने
- पितृत्व र मातृत्वको ठेगान नलागेको पाईएमा बाल कल्याण अधिकारीले निजको जन्मदर्ता तथा निजको परिचय खुल्ने सरकारी परिचय पत्रकालागि सिफारिस गरिदिनु पर्ने
- प्रचलित कानून बमोजिम संरक्षक तोक्ने (मुलुकी देवानी संहिता ऐन परिच्छेद ६)

### १.११ बाल अधिकार तथा संरक्षण संयन्त्रहरू

बाल संरक्षण सम्बन्धी विषय कुनै एक निकाय वा क्षेत्रको मात्र विषय नभएर सम्पूर्णको सरोकारको विषय हो । परिवार, विद्यालय, समुदाय, स्वास्थ्य संस्था, विषयगत कार्यालय, विभाग, संघ, प्रदेश तथा स्थानीय तह, सामाजिक संघसंस्था (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय), निजी क्षेत्र लगायत सबैको बालबालिका प्रतिको दायित्व रहन्छ । कसैको प्रत्यक्ष सरोकार रहन्छ भने कसैको अप्रत्यक्ष सरोकार रहन्छ । बालबालिकाको संरक्षणको विषय सबैको सरोकारको विषय भएता पनि कानूनी तथा नीतिगत रुपमा प्रत्यक्ष रुपमा बालबालिकाको हक हित र अधिकारको कार्यान्वयन तथा सेवा प्रवाहका लागि व्यवस्था गरिएका संयन्त्रहरू र भूमिकालाई तल प्रस्तुत गरिएको छः

**बाल अधिकार तथा संरक्षण संयन्त्रहरू र भूमिका**

| संयन्त्र | भूमिका |
|---|---|
| **राष्ट्रिय बाल अधिकार परिषद्** | • बाल अधिकारको विषयमा तीनै तहको सरकारसँग समन्वय गर्ने,<br>• बाल संरक्षण सम्बन्धी विषयमा क्षमता अभिवृद्धि गर्ने,<br>• बाल हेल्पलाइन सेवा (१०९८) तथा बालबालिका खोजतलास सेवा (१०४) सेवा सञ्चालन तथा व्यवस्थापन गर्ने,<br>• बालबालिका सम्बन्धी विषयहरूमा नीतिगत परामर्श गर्ने<br>• अस्थायी संरक्षण सेवा सूचीकरण<br>• बालगृह, पुनःस्थापना केन्द्र सञ्चालन अनुमति प्रदान गर्ने<br>• प्रदेश र स्थानीय तहबाट सम्बोधन हुन नसकेका बाल संरक्षण सम्बन्धी घटनाहरूको व्यवस्थापनमा सहजीकरण गर्ने |
| **प्रदेश बाल अधिकार समितिः** | • प्रदेश तहमा बालबालिकाको अधिकारको संरक्षण तथा प्रवर्धनका लागि नीतगत परामर्श तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरू गर्ने<br>• प्रदेश तहमा बाल हेल्पलाइन तथा बालबालिका खाजतलास सेवा सञ्चालन गर्ने ।<br>• प्रदेश तहभित्र बाल संरक्षणका अवश्यक कार्यहरू गर्ने । |
| **स्थानीय बाल अधिकार समितिः** | • स्थानीय तहमा बाल संरक्षण घटना व्यवस्थापन कार्यमा संलग्न भई बाल संरक्षण सम्बन्धी घटनाहरूको लेखाजोखा तथा प्रतिवेदनका लागि समाजसेवी वा बालमनोविज्ञको सूचीकरण गर्ने<br>• बाल कल्याण अधिकारीको सिफारिसको आधारमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४९ बमोजिमको वैकल्पिक हेरचाहको व्यवस्था मिलाउने<br>• बाल संरक्षण सम्बन्धी सेवाहरू प्रवाह गर्दा बाल कल्याण अधिकारीको सिफारिसमा बालबालिकाको उच्चतम हित निर्धारण गर्ने<br>• वैकल्पिक हेरचाहको लागि इच्छुक व्यक्ति, संरक्षक वा संस्थाको सूचीकरण गर्ने<br>• घटना व्यवस्थापन प्रक्रियामा वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको अवस्थाको बारेमा जानकारी संकलन गर्ने/गराउने<br>• संरक्षकले बालबालिकालाई उचित हेरचाह तथा संरक्षणको प्रवन्ध नगरेमा ऐन बमोजिम कारवाहीका लागि सम्बन्धित निकायमा उजुरी दिने वा संरक्षक परिवर्तनका लागि अदालतमा निवेदन दिने<br>• स्थानीय तहभित्र रहेका अस्थायी संरक्षण सेवा, बालगृहहरू र पुनःस्थापना केन्द्रको अनुगमन गर्ने |

| | |
|---|---|
| **बाल कल्याण अधिकारीः** | • बालबालिकाको सर्वोत्तम हित निर्धारणका लागि स्थानीय बाल अधिकार समितिमा सिफारिस गर्ने बालबालिकालाई वैकल्पिक हेरचाहको प्रवन्ध गर्ने क्रममा वैकल्पिक हेरचाह प्रदान गर्न इच्छुक नातेदार, व्यक्ति, संरक्षक तथा संस्थाको आर्थिक, सामाजिक लगायतको पक्षको मूल्याङ्कन गर्ने<br>• वैकल्पिक हेरचाहको प्रवन्ध गर्दा समाजसेवी तथा बाल मनोविज्ञको राय लिने<br>• बालबालिकाको घटना व्यवस्थापन कार्य प्रक्रियाको सम्पूर्ण आवश्यक कागजात सहितको अभिलेखीकरण गर्ने<br>• तत्काल उद्धारको आवश्यकता भएका बालबालिकाको उद्धार, अस्थायी संरक्षण तथा आवश्यक सेवाहरू उपलब्ध गर्ने/गराउने<br>• वैकल्पिक हेरचाहमा पठाइएका बालबालिकाको अनुगमन गरी प्रतिवेदन पेश गर्ने<br>• वैकल्पिक हेरचाहमा पाठाइएका बालबालिकाको अवस्था अनुगमन गर्दा व्यक्ति, परिवार र संस्थाले कानून विपरित कार्य गरको पाइएमा कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने<br>• वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको पैत्रिक तथा अन्य सम्पत्तिको खोजी र संरक्षण गर्ने<br>• दिशान्तर प्रक्रियामा रहेका बालबालिकाको सुपरिवेक्षण र निर्देशन गर्ने<br>• उद्धार बाहेक सहयोग गर्नुपर्ने बालबालिकालाई सेवा प्रदायकसँगको समन्वय र सहकार्यमा आवश्यक सहयोग उपलब्ध गराउने<br>• अधिकारको उपभोगबाट वञ्चितीकरणमा परेका बालबालिकाको अधिकार कार्यान्वयनका लागि आवश्यक सहजीकरण गर्ने |

| | |
|---|---|
| **समाजसेवी तथा बालमनोविज्ञ:** | • अधिकारबाट वञ्चित भएका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको बाबुआमा र परिवारको स्थिति, हेरचाह तथा पालनपोषणको वर्तमान अवस्था र सम्भाव्य स्थितिको आधारमा बालबालिकाको उचित सहायता र व्यवस्थापनका लागि प्रतिवेदन पेश गर्ने<br>• बालबालिकालाई प्रदान गर्नुपर्ने संरक्षण सेवा प्रवाहमा उच्चतम हित लेखाजोखा सम्बन्धी प्रतिवेदन तयार गरी बाल कल्याण अधिकारी समक्ष पेश गर्ने<br>• विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको वैकल्पिक हेरचाहको प्रवन्ध गर्ने क्रममा इच्छुक परिवारका सदस्य वा नातेदार तथा व्यक्तिको लेखाजोखा गरी सामाजिक लेखाजोखा प्रतिवेदन पेश गर्ने<br>• बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्थापनको क्रममा बालबालिकाको सर्वोत्तम हित हुनेगरी बाल कल्याण अधिकारीलाई राय/परामर्श उपलब्ध गराउने<br>• बालबालिकाको पारिवारिक पुनर्मिलन गराउने क्रममा पारिवारिक लेखाजोखा सम्बन्धी प्रतिवेदन उपलब्ध गराउने |
| **प्रोवेशन अधिकारी:** | • कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाको निकट सम्पर्कमा रही निजसंग सम्बन्धित मुद्दाको अनुसन्धान, निगरानी कक्षको निरीक्षण, दिशान्तर, बाल अदालतको आदेशको कार्यान्वयनको स्थितिबारे प्रतिवेदन तयार गर्ने |
| **बालगृह:** | • वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई आवसीय संरक्षण सेवा<br>• बाल मनोविमर्श तथा कानूनी परामर्श सेवा,<br>• बालबालिकाको सुरक्षा, संरक्षण सेवा,<br>• स्वास्थ्य उपचार सेवा,<br>• निमयति रुपमा परिवारको खोजी,<br>• सामाजिकीकरण सेवा,<br>• रोजगारमूलक प्राविधिक तथा व्यवसायिक सीप र क्षमता अभिवृद्धि तालीम,<br>• पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना सेवा, |

| | |
|---|---|
| **अस्थायी संरक्षण सेवाः** | • सडकमा आश्रित बालबालिकाको उद्धार पछिको लागू पदार्थ दुर्व्यसनी तथा उपचार समेतको अस्थायी संरक्षण सेवा<br>• वेवारिसे फेला परेका वा जोखिमपूर्ण श्रममा संलग्न रहेका बालबालिकाको उद्धार पछिको अस्थायी संरक्षण सेवा<br>• हिंसा तथा दुर्व्यवहारबाट पीडित तथा प्रभावित बालबालिकाको अस्थायी संरक्षण सेवा<br>• अपाङ्गता भएका बालबालिकाको अस्थायी संरक्षण सेवा<br>• बालबालिकाको अस्थायी संरक्षण सहित रुची तथा इच्छा अनुसार अनौपचारिक शिक्षा एवम् सीपमूलक तालिम सेवा<br>• अस्थायी संरक्षण सेवामा रहेका बालबालिकालाईः-<br>◆ बाल मनोविमर्श तथा कानूनी परामर्श सेवा,<br>◆ बालबालिकाको सुरक्षा, संरक्षण तथा नगद वा जिन्सी राहत सेवा,<br>◆ स्वास्थ्य उपचार सेवा,<br>◆ लागू पदार्थ दुर्व्यसनी उपचार तथा पुनःस्थापना सेवा,<br>◆ परिवारको खोजी,<br>◆ पारिवारिक परामर्श सेवा,<br>◆ सामाजिकीकरण सेवा,<br>◆ रोजगारमूलक प्राविधिक तथा व्यवसायिक सीप र क्षमता अभिवृद्धि तालीम,<br>◆ पारिवारिक आर्थिक विकास सहयोग (आय-आर्जन अभिवृद्धि तथा स-साना व्यवसाय सञ्चालनका लागि),<br>◆ पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना सेवा,<br>◆ सेवा प्राप्त गरेका बालबालिकाको नियमित अनुगमन, सहजीकरण तथा पृष्ठपोषण । |

| | |
|---|---|
| **पुनर्स्थापना केन्द्र:** | • बालबालिका विरूद्धको कसूरबाट पीडित तथा प्रभावित (हिंसा तथा दुर्व्यवहारबाट पीडित तथा प्राभावित) बालबालिकालाई शारीरिक वा मानसिक उपचार तथा सामाजिक पुनःस्थापना सेवा<br>• आवधिक आवास, खाना तथा कपडा र तत्कालीन राहत,<br>• स्वास्थ्य उपचार,<br>• मनोविमर्श तथा मनोसामाजिक विमर्श,<br>• औपचारिक तथा अनौपचारिक शिक्षा तथा व्यावसायिक तालीम,<br>• परिवार तथा अभिभावकको खोजतलास,<br>• पारिवारिक परामर्श, |
| **बाल कोष:** | • मनोविमर्श तथा कानूनी परामर्श र सहायताका लागि<br>• उद्धार तथा अस्थायी संरक्षण सेवा प्रदान गर्नका लागि,<br>• जोखिममा परेका बालबालिकालाई आपतकालीन राहत सेवाका लागि<br>• स्वास्थ्य उपचार सहायताका लागि<br>• लागू पदार्थ दुर्व्यसनी उपचार तथा पुनःस्थापना सेवाका लागि<br>• पारिवारिक परामर्श सेवाका लागि<br>• सामाजिकीकरण सेवाका लागि<br>• रोजगार मूलक प्राविधिक तथा व्यवसायिक सीप र क्षमता अभिवृद्धि तालीम सेवाका लागि<br>• पारिवारिक आर्थिक विकास सहयोगका लागि<br>• स्वदेशफिर्ति, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना सेवाका लागि,<br>• वैकल्पिक हेरचाहको प्रवन्धका लागि<br>• बालबालिका विरुद्धको कसूरबाट पीडित बालबालिकालाई क्षतिपुर्ति भरणपोषणको लागि |
| | यसको अतिरिक्त बाल संरक्षण सहायताका लागि स्रोत व्यवस्थापन निम्नानुसार गर्न सकिन्छः-<br>• स्थानीय तहको वार्षिक स्वीकृत कार्यक्रम<br>• संघ तथा प्रदेशको बालकोषबाट प्राप्त हुने रकम<br>• स्थानीय तहमा बाल अधिकारको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू<br>• निजी क्षेत्र |

| | |
|---|---|
| **बालबालिका खोजतलास सेवा** (१०४) | • हराएका बालबालिकाको खोजतलास तथा पारिवारिक पुनर्मिलन<br>• वेवारिसे फेला परेका बालबालिकाको उद्धार तथा पारिवारिक खोजी<br>• सडक बालबालिकाको उद्धार<br>• जोखिमपूर्ण श्रममा संलग्न रहेका बालबलिकाको उद्धार<br>• वेचविखन तथा ओसारपसारमा परेका बालबालिकाको सकुशल उद्धार तथा पारिवारिक पुनर्मिलन<br>• अन्य देशहरूमा वेवारिस फेला परेका बालबालिकाको स्वदेश फिर्ति तथा पारिवारिक पुनर्मिलन |
| **बाल हेल्पलाइन सेवा** (१०९८) | हिंसा तथा दुर्व्यवहारबाट पीडित तथा प्रभावित र विशेष संरक्षणको आवश्यकता भएकाबालबालिकालाईः-<br>• आपतकालीन उद्धार सेवा,<br>• बालबालिकाको तत्कालिन आवश्यकता पुरा गर्न जिन्सी राहत सेवा,<br>• बालबालिकाको अस्थायी संरक्षण सेवा सेवा<br>• मनोसामाजिक परामर्श, स्वास्थ्य तथा कानूनी उपचार र सहायता,<br>• पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना सेवा |
| **एकद्वार संकट व्यवस्थापन केन्द्रः** | • लैंगिक हिंसाबाट पीडित बालबालिकाको स्वास्थ्य तथा संरक्षण व्यवस्थापन सेवा<br>• लैङ्गिक हिंसा सम्बन्धी घटनाहरूको स्वास्थ्य उपचार,<br>• प्रमाण संकलन<br>• नजिकको प्रहरी कार्यालयमा अनिवार्य रिपोर्टिङ<br>• आवासीय संरक्षण<br>• मनोविमर्श |
| **नेपाल प्रहरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रः** | • हिंसा तथा दुर्व्यवहारबाट पीडित बालबालिकाको उद्धार सेवा<br>• मनोविमर्श सेवा<br>• आवासीय अस्थायी संरक्षण तथा पुनःस्थापना सेवा<br>• स्वास्थ्य उपचार तथा सुरक्षा सेवा |

| | |
|---|---|
| **श्रम कार्यालय** | • श्रमिक बालबालिकाको तत्काल उद्धार गर्ने र संरक्षण सेवाका लागि सिफारिस गर्ने<br>• बालश्रम निषेध र नियमित गर्ने एन अनुरूप अनुसन्धान तथा पिडकलाइ दण्ड सजाय गर्ने । |
| **स्थानीय तहको न्यायीक समिति** | • बालबालिकाको हक प्रचलन गराउने |
| **बाल न्याय समिति** | • बाल न्याय प्रणाली सुदृढीकरणका लागि नीतिगत, क्षमता अभिवृद्धि तथा बाल न्यायसंग सम्बन्धित काम गर्ने विभिन्न निकायहरू बीच समन्वय सम्बन्धी कार्य गर्ने |
| **बाल सुधार गृह** | • कानूनको विवादमा परेका बालबालिकाको सुधार र पुनःस्थापना नभएसम्म आवश्यक शैक्षिक सेवा, स्वास्थ्य उपचार सेवा, शीपमूलक तालिम सेवा लगायतका बालबालिकाको समग्र विकास हुने किसिमका सेवाहरू प्रदान गर्दै बालमैत्री आवासीय संरक्षण गर्ने |
| **सरकारी वकिल कार्यालय** | • बालबालिका विरुद्धको कसूरबाट पीडित बालबालिकाको तर्फबाट मुद्धा लड्ने ।<br>• पीडक बालबालिकाको तर्फबाट त्यस्ता बालबालिकाको न्यायमा पहुँचका लागि कानूनी सहयोग तथा सहजीकरण गर्ने |
| **स्वास्थ्य संस्था** | • बाल संरक्षण मापदण्ड बनाइ लागू गर्ने<br>• स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मिहरूलाई (विशेषगरी बालबालिका सम्बन्धी स्वास्थ्यकर्मि) बाल संरक्षण तथा बाल संवेदनशील व्यवहारबारे तालिम प्रदान गर्ने<br>• उपचारको लागि आएका बालबालिकालाई हिंसा तथा दुर्व्यवहार भएको शंका लागेमा तत्काल नजिकको प्रहरी कार्यालय वा स्थानीय तहको बाल कल्याण अधिकारीलाई अनिवार्य जानकारी गराउने<br>• बालबालिका विरुद्धका हिंसा तथा दुर्व्यवहार सम्बन्धी प्रमाणहरूको संकलन तथा सुरक्षण गर्ने ।<br>• कतिपय बाल संरक्षणसँग सम्वन्धित घटनाहरू स्वास्थ्य संस्थामा आउने भएकाले सम्वन्धित स्वास्थ्य संस्थाले बाल संवेदनशीलताको ख्याल गर्दै गोपनियताको सुनिश्चिततासहित स्वास्थ्य सेवा उपलब्ध गराउने ।<br>• विशेष संरक्षणको आवश्यकता भएका वा जोखिममा रहेका तथा सेवा प्रदान गर्नुपर्ने बालबालिकालाई प्राथमिकतामा राखी निःशुल्क स्वास्थ्य सेवाको सुनिश्चित गर्ने । |

| | |
|---|---|
| **शैक्षिक संस्था** | • बाल संरक्षण मापदण्ड बनाइ लागू गर्ने<br>• शैक्षिक संस्थामा कार्यरत शिक्षकहरूलाई बाल संरक्षण तथा बाल संवेदनशील व्यवहार र भय रहित शिक्षण सिकाईबारे तालिम प्रदान गर्ने<br>• बालबालिकालाई हिंसा तथा दुर्व्यवहार भएको शंका लागेमा वा बालबालिकाले सो को जानकारी गराएमा तत्काल नजिकको प्रहरी कार्यालय वा स्थानीय तहको बाल कल्याण अधिकारीलाई अनिवार्य जानकारी गराउने<br>• शैक्षिक संस्थामा कतिपय बाल संरक्षणका घटनाहरूको सूचना वा जानकारी आएको हुन्छ । त्यस्ता सूचना र जानकारीहरूमा बाल अधिकार समिति र बाल कल्याण अधिकारीसँगको समन्वयमा त्यस्ता घटनाहरूको सुनुवाइ र सम्वोधनका लागि सहयोग गर्ने ।<br>• बाल संरक्षण प्रणालीमा शैक्षिक संस्था विशेषगरी विद्यालयहरूले सूचना संकलन, घटनाहरूको समयमा नै सुनुवाई, पीडित र प्रभावितहरूलाई सहयोग गर्ने सम्वन्धमा सहयोग गर्ने।<br>• शैक्षिक संस्थाहरूमा बालक्लवहरूको गठन, बाल अधिकार फोकल शिक्षकको व्यवस्था गरी बाल संरक्षण प्रणालीको सवलीकरण तथा घटनाहरूको सम्वोधनका लागि काम गर्न सक्दछन् । |
| **समुदायमा आधारित संयन्त्रहरू तथा निजी क्षेत्रहरू** | • विशेषगरी समुदायमा रहेका बालक्लव तथा किशोरी समूहहरूले बाल संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान, त्यसको सम्वोधनका लागि सचेतना, घटनाहरूको अभिलेखीकरण र सम्वन्धित निकायहरूको सिफारिस गर्न सक्दछन् ।<br>• बालक्लव तथा किशोरी समूहहरूसँग बाल संरक्षणसँग सम्वन्धित घटनाहरूको सूचना, जानकारी र त्यससँग सम्वन्धित सूचना जानकारीहरू हुने भएकाले त्यस्ता घटनाहरूको सम्वोधनका लागि बाल कल्याण अधिकारी र बाल अधिकार समितिसँग समन्वयमा काम गर्नुपर्दछ ।<br>• विशेष संरक्षणको आवश्यकता भएका वा जोखिममा रहेका तथा सेवा प्रदान गर्नुपर्ने ।<br>• बालबालिकाहरूको सेवासम्म पहुँचको सुनिश्चितताका लागि सहजीकरण गर्ने,<br>• सेवा प्रदायकले प्रदान गर्ने सेवा बालमैत्री र अपाङ्गतामैत्री र किशोरीमैत्री भएको सुनिश्चित गर्ने ।<br>• सेवामा संलग्न आफ्ना सदस्य तथा कर्मचारीहरूलाई बाल संरक्षण र घटना व्यवस्थापन प्रणालीका सम्वन्धमा तालिम दिने वा क्षमता विकास गर्ने र सोको अवलम्वनका लागि वातावरण तयार गर्ने ।<br>• आफ्नो संस्था वा कार्यालयमा बालश्रमको प्रयोग नभएको वा नहुने तथा अन्य कुनै पनि बाल संरक्षण विरुद्धका क्रियाकलाप नहुने सार्वजनिक प्रतिवद्धता र सुनिश्चित गर्ने । |

# पाठ-२ बाल संरक्षण घटना व्यवस्थापनका चरणहरू

### २.१ बाल संरक्षण घटना व्यवस्थापनका चरणहरू

सामान्यतया बाल संरक्षण सम्बन्धी घटनाहरूको व्यवस्थापन कार्य गर्दा ५ चरणको कार्य गर्नुपर्दछ । पहिलो चरणमा सूचना तथा जानकारी प्राप्त गरी सूचनाको दर्ता गरिन्छ भने सो पश्चात घटनाको प्रारम्भिक लेखाजोखा, घटना दर्ता तथा विस्तृत लेखाजोखा सम्बन्धी कार्यहरू गर्नुपर्दछ। तेस्रो चरणमा बाल संरक्षण सम्बन्धी सेवा प्रवाह गर्नुपर्दछ। स्याहार योजनाको कार्यान्वयनको उपलब्धिको बारेमा फलोअप तथा अनुगमन र तोकिएको लक्ष्य प्राप्त भएका घटना समापन कार्य गरिन्छ। विस्तृत रुपमा घटना व्यवस्थापनको चरणहरूको बारेमा तल उल्लेख गरिएको छः-

## चरण १– सूचना प्राप्ति र दर्ता

बाल अधिकार उल्लङ्घन भएका, विशेष संरक्षणको आवश्यकता भएका, अधिकारको वञ्चितीकरणमा परेका तथा विभिन्न कारणले जोखिममा परेका बालबालिकाको बारेमा जुनसुकै व्यक्ति वा संस्थाले पनि सूचना तथा जानकारी दिन सक्दछन् । यस कार्यमा सूचना प्राप्तकर्ताले सूचनादाताको इच्छा अनुसार विवरण गोप्य राख्नुपर्छ । यसरी प्राप्त जानकारी तथा सूचनाको दर्ता कार्य घटना व्यवस्थापनका पहिलो चरणमा गर्नुपर्दछ । सूचना प्राप्ति र दर्ता सम्बन्धी कार्य गर्दा ध्यानदिनु पर्ने विषयहरू तलको तालिकामा प्रस्तुत गरिएको छः-

| **सूचना तथा जानकारी प्राप्त हुने माध्ययमहरू** | **सूचना तथा जानकारी प्राप्त हुने स्थानहरू** | **सूचना दर्ता गर्दा संकलन गर्नुपर्ने विवरणहरू** |
|---|---|---|
| • मौखिक जानकारी<br>• लिखित निवेदन वा जानकारी<br>• सामाजिक सञ्चाल लगायत विद्युतीय माध्यममार्फत जानकारी<br>• टेलिफोनमार्फत जानकारी<br>• पत्रपत्रिका तथा सञ्चार माध्यममार्फत जानकारी | • बाल कल्याण अधिकारी वा स्थानीय तहको बालबालिका शाखा प्रमुखकोमा<br>• बाल हेल्पलाइन सेवा १०९८ मा<br>• बालबालिका खोजतलास सेवा (१०४) मा<br>• नेपाल प्रहरीको हटलाइन नं १०० मा<br>• नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा<br>• स्वास्थ्य संस्थामा<br>• विद्यालयहरूमा<br>• परिवारमा<br>• स्थानीय तह वा वडा कार्यालयहरूमा<br>• बालक्लब वा सञ्जालहरूमा<br>• न्यायीक समितिमा<br>• एकद्वार संकट व्यवस्थापन केन्द्रमा<br>• किशोरकिशोरी समूहमा | • सूचना तथा जानकारी प्राप्त मिति<br>• बालबालिकाको नाम, थर, उमेर, लिङ्ग<br>• बालबालिकाको स्थायी र अस्थायी ठेगाना<br>• बाबु, आमा, अन्य नातेदार, संरक्षकको नाम, ठेगाना र अवस्था (जिवित, मृत्यु भै सकेको, वेपत्ता भएको<br>• सम्पर्क नम्बर<br>• पीडक संलग्न घटना भएमा पीडकको नाम, अस्थायी र हालको ठेगाना<br>• अन्यत्रबाट सिफारिस भई आएको भएमा सिफारिस मिति<br>• घटनाको प्रकृति र घटना सम्बन्धी उपलब्ध भएसम्मको जानकारी |

*नोटः सूचना दर्ता फाराम अनुसूची-२ मा राखिएको छ ।*

## चरण–२ प्रारम्भिक तथा विस्तृत लेखाजोखा र घटना दर्ता

चरण १ मा प्राप्त सूचनाको दर्ता गरेपश्चात सूचना प्राप्तकर्ताले तत्काल सो को जानकारी घटना दर्ता हुने निकायहरूमा गराउनु पर्दछ । उक्त सूचना प्राप्त हुने वित्तिकै सूचना प्राप्त गर्ने निकायले तत्काल सो को प्रारम्भिक लेखाजोखा गरी आपतकालीन रुपमा तत्काल सम्बोधन गर्नुपर्ने घटनाहरू हो वा नियमित रुपमा सम्बोधन गर्नुपर्ने घटना हो सो को निर्क्यौल गर्नुपर्दछ । आपतकालीन रुपमा सम्बोधन गर्नुपर्ने घटनाहरूमा प्रारम्भिक लेखाजोखाको आधारमा र नियमित रुपमा सम्बोधन गर्नुपर्ने घटनाहरूको विस्तृत लेखाजोखाका आधारमा घटना दर्ता गर्नुपर्दछ । घटना दर्ता सम्बन्धी कार्य परिषद्ले सञ्चालन गरेको बाल संरक्षण घटना व्यवस्थापन सूचना प्रणाली(CPIMS) मा प्रविष्टि गर्नुपर्दछ । घटनाको लेखाजोखा सम्बन्धी जानकारी निम्नानुसार प्रस्तुत गरिएको छः-

| **सूचनाको प्रारम्भिक तथा विस्तृत लेखाजोखा गर्ने संयन्त्रहरू** | **प्रारम्भिक लेखाजोखा गर्दा विश्लेषण गर्नुपर्ने न्यूनतम विषयहरू** | **प्रारम्भिक लेखाजोखाका आधारमा नै तत्काल दर्ता गर्नुपर्ने घटनाहरू** |
|---|---|---|
| • स्थानीय तहमा सूचीकृत समाजसेवी वा बाल मनोविज्ञ<br>• बाल हेल्पलाइन सेवा (१०९८)<br>• बालबालिका खोजतलास सेवा (१०४)<br>• बाल कल्याण अधिकारीले तोकेको स्थानीय तहमा सूचीकृत संस्थामा कार्यरत<br>• समाजसेवी वा बाल मनोविज्ञ वा सामाजिक कार्यकर्ता | • घटनाको प्रकृति<br>• बालबालिकाको स्वास्थ्य अवस्था<br>• बालबालिकाको तत्काल आवश्यकता<br>• सूचनाको सत्यता<br>• घटनाको संक्षिप्त विवरण | • बालबालिका थप हिंसामा पर्न सक्ने, बन्दी बनाइन सक्ने वा पीडकको नियन्त्रणमा पुग्न सक्ने अवस्थाका बालबालिका<br>• सार्वजनिक स्थानमा अलपत्र फेला परेका वा वेवारिसे फेला परेका बालबालिका<br>• सडकमा आश्रित बालबालिका<br>• दुर्घटनामा परेका वा गम्भीर प्रकृतिको घाउ चोटपटक लागेका बालबालिका<br>• तत्काल संरक्षण सहायता प्रदान नगर्दा जिवन जोखिममा पर्न सक्ने बालबालिका |

| **प्रारम्भिक लेखाजोखामा उल्लेख भएका विवरण बाहेक विस्तृत लेखाजोखा गर्दा विश्लेषण गर्नुपर्ने विषयहरू** | **घटना दर्ता गर्ने अधिकार प्राप्त निकायहरू** |
|---|---|
| • बालबालिकाको मनोसामाजिक अवस्थाको लेखाजोखा विवरण<br>• बालबालिकाको पारिवारिक विवरण, पारिवारिक अवस्था र बालबालिकाको पारिवारिक सम्बन्ध सम्बन्धी लेखाजोखा विवरण<br>• बालबालिकाको पैत्रिक सम्पत्तिको लेखाजोखा विवरण<br>• बालबालिकाको शैक्षिक अवस्थाको लेखाजोखा विवरण<br>• बालबालिकाको क्षमता तथा रुची सम्बन्धी लेखाजोखा विवरण<br>• पीडक संलग्न भएको घटना भए पीडकको लेखाजोखा विवरण<br>• बालबालिकाको पालनपोषणको वर्तमान अवस्था र सम्भाव्य स्थिति<br>• बालबालिकाको घटनाको समग्र अवस्थाको लेखाजोखा विवरण | • बाल कल्याण अधिकारी<br>• नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र<br>• बालबालिका खोजतलास सेवा (१०४)<br>• बाल हेल्पलाइन सेवा १०९८ नेपाल |

घटनाको विस्तृत लेखाजोखा कार्यमा संलग्न व्यक्तिले विस्तृत लेखाजोखा कार्य गर्दा निम्नानुसारको विषयहरूमा ध्यान पुऱ्याउनुपर्दछ ।

| विस्तृत लेखाजोखा गर्दा अपनाउनुपर्ने प्रकृयाहरू | लेखाजोखा प्रतिवेदनमा समावेश गर्नुपर्ने विषयहरू |
|---|---|
| • बालबालिका र परिवारसँग अन्तर्वार्ता (घटनाको सम्वेदनशीलता तथा परिस्थिति अनुसार गोपनियता, सुरक्षालाई ध्यान दिई बालबालिका र परिवारको अन्तर्वार्ता छुट्टाछुट्टै लिनु पर्दछ ।)<br>• कर्मचारी, सामुदायिक व्यक्तित्व तथा बालबालिकाको स्थितिको बारेमा जानकारी दिन सक्ने व्यक्तिसँगको अन्तर्वार्ता<br>• बालबालिका र परिवारको स्थलगत अवलोकन<br>• आवश्यकता अनुसार बालबालिकाको शारीरिक, मानसिक वा मनोसामाजिक परिक्षण | • बालबालिकाको संवेगात्मक तथ्य<br>• शारीरिक अवस्था<br>• बौद्धिक क्षमता वा स्तर<br>• सामाजिक तथा आर्थिक पक्ष<br>• समस्या देखिनुको कारक तत्व<br>• बालबालिकाको संरक्षणको सम्भावना<br>• बालबालिकाको अपेक्षा<br>• समस्याको समय वा अवधि<br>• समस्याको गाम्भीर्यता<br>• बालबालिकाको जोखिमताको स्तरको लेखाजोखा सहित बालबालिकालाई उपलब्ध गराउनु पर्ने सेवा सम्बन्धी सुझाव<br>(बालन्याय सम्पादन कार्यविधि नियमावली २०७६ को अनुसूची ९ र १० लाई सन्दर्भ सामग्रीको रुपमा लिइएको) |

बाल संरक्षण सम्बन्धी घटनाहरूको व्यवस्थापन कार्य गर्दा बालबालिकाको उच्चतम हित निर्धारण गर्नु आवश्यक हुन्छ। बालबालिकाको उच्चतम हित निर्धारण कार्य बाल कल्याण अधिकारीमार्फत मात्र गर्न सकिने बालबालिका सम्बन्धी ऐन, २०७५ को कानूनी प्रावधान रहेको छ। यस अनुसार माथि उल्लेख भए बमोजिमका जुनसुकै स्थानमा (बाल हेल्पलाइन १०९८, बालबालिका खोजतलास सेवा (१०४) वा नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र) घटना दर्ता गरिएको भएता पनि घटनाको सम्पूर्ण विवरण सहितको जानकारी घटना दर्ता गर्ने निकायले बाल कल्याण अधिकारीलाई अनिवार्य उपलब्ध गराउनु पर्दछ । बाल संरक्षण सम्बन्धी घटना लेखाजोखा सम्बन्धी विवरण बाल संरक्षण घटना व्यवस्थापन सूचना प्रणाली(CPIMS) मा प्रविष्टि गर्नुपर्दछ ।

## चरण-३ संरक्षण सेवा प्रवाह

बाल संरक्षण सम्बन्धी घटना दर्ता, लेखाजोखा कार्य सम्पन्न भइसकेपश्चात लेखाजोखा प्रतिवेदनका आधारमा बालबालिकालाई आवश्यक संरक्षण सेवा प्रवाह गर्नुपर्दछ । यस चरणमा उद्धारको आवश्यकता भएका घटनाहरूमा उद्धार सेवा समेत र उद्धार गर्नु नपर्ने घटनाहरूमा उद्धार सेवा बाहेक बालबालिकाको उच्चतम हितको लेखाजोखा तथा निर्धारण गर्ने र सोको आधारमा आवश्यक स्याहार योजना निर्माण गर्नुपर्दछ। स्याहार योजनाले निर्दिष्ट गरे अनुसार बालबालिकालाई सेवाको लागि अन्य सेवा प्रदायकहरूमा प्रेषण गर्नुपर्ने भएमा सो को व्यवस्था समेत यस चरणमा गर्नुपर्दछ। बालबालिकालाई आवश्यक सेवाहरू के के हुन र कुन कुन सेवाको लागि कहाँ कहाँ प्रेषण गर्ने भन्ने सहितको विवरण बाल संरक्षण घटना व्यवस्थापन सूचना प्रणाली(CPIMS) मा प्रविष्टि गर्नुपर्दछ ।

दर्ता भएका घटनाहरूमध्ये उद्धारको आवश्यकता भएका बालबालिकालाई उद्धार गर्दा स्थानीय प्रहरीको अनिवार्य संलग्नतामा घटनाको पर्कृति अनुसार आवश्यक पर्ने निकायको संलग्नता हुने गरी निम्न तालिकामा उल्लेख भए बमोजिम उद्धार कार्य गर्नुपर्दछ ।

| उद्धार गर्नुपूर्वको तयारी | उद्धार कार्यमा संलग्न गराउनुपर्ने व्यक्तिहरू |
|---|---|
| • कुन प्रकृतिको बालबालिकाको उद्धार गर्न लागिएको हो सो अनुसारको विशिष्टीकृत सेवा प्रदान गर्ने सूचीकृत अस्थायी संरक्षण सेवाको व्यवस्थापन<br>• उद्धारमा संलग्न हुने व्यक्तिलाई सो सम्बन्धमा स्पष्ट अभिमूखीकरण<br>• बालिका समेतको उद्धार गर्नुपर्ने अवस्थामा टोलीमा महिलाको अनिवार्य सहभागिता,<br>• सवारी साधनको व्यवस्थापन,<br>• प्रमाण संकलन गर्नुपर्ने घटनाहरूको सम्बन्धमा प्रमाण संकलन गर्ने आवश्यक सामान लगायतका व्यवस्थापकीय बन्दोबस्त,<br>• उद्धार स्थलमा हुनसक्ने सम्भावित अवरोधको आँकलन लगायतका आवश्यक पूर्वतयारी | • सम्बन्धित प्रहरी कार्यालयको प्रतिनिधि (अनिवार्य),<br>• समाजसेवी वा बाल मनोविज्ञ,<br>• श्रम कार्यालय,<br>• बालहेल्पलाइन सेवा १०९८,<br>• बालबालिका खोजतलास सेवा १०४<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र<br>• स्थानीय वडाको प्रतिनिधि । |

| उद्धार गर्दा ध्यान दिनुपर्ने विषयहरू |
|---|
| • उद्धार कार्यपूर्व सो सम्बन्धी सूचना, जानकारीको गोपनीयताको सुनिश्चितता गर्ने ।<br>• बालबालिकालाई बालसंवेदनशील प्रक्रिया र व्यवहार (बोली, व्यवहार, शैली र विधिहरू) अपनाउनु पर्ने ।<br>• उद्धार गर्नुपर्ने विषयमा बालबालिकालाई जानकारी गराउने तथा सहमती लिने । उद्धार गर्दा बालबलिकाको अभिभावक, परिवार वा संरक्षकलाई बालबालिकालाई उद्धार पछीको प्रदान गरिने सेवा, संरक्षणको व्यवस्था लगायतका विषयमा जानकारी गराउने । |
| • उद्धारको क्रममा बालबालिकालाई त्रास, भय, मानसिक तथा शारीरिक पीडा रहित वातावरणको सूनिश्चितता गर्नुपर्ने । |

| |
|---|
| • घटना सम्बन्धी कानुनी प्रमाण र सम्बन्धित तथ्यलाई संकलन तथा सुरक्षित गर्नुपर्ने । |
| • सानो उमेरका, शारीरिक तथा मानसिक अपाङ्गता भएका, बिरामी र घाइते अवस्थाका बालबालिकालाई उद्धार गर्दा तिनीहरूको विशेष र थप आवश्यकतालाई ख्याल गर्नुपर्ने । |
| • बालबालिकालाई थप हानि हुन सक्ने अवस्था सिर्जना हुन नदिने । |
| • उद्धारको लगतै बालबालिकाका तत्कालीन आवश्यकताहरू (जस्तै खाना, पानी, शौचालय, आवश्यक लुगा आदी) केही भए सोको व्यवस्था गर्नुपर्ने । |
| • बालबालिकाको उद्धार गर्दा बालबालिकाले प्रयोग गरिरहेका निजी बस्तु तथा भौतिक सामग्रीको अभिलेख तयार गरी बालबालिकासँगै ल्याउने । |
| • उद्धारपछि पीडित र पीडकलाई एउटै सवारी साधन र कोठामा नराखी पीडकबाट पीडितलाई अलग राख्ने व्यवस्था गर्नुपर्ने । |
| • उद्धार गर्दाको समय, अवस्था तथा उद्धार गरी सुरक्षित स्थानमा ल्याएपछिको विवरण लगायतको अभिलेख राख्ने । |
| • उद्धारपछि जतिसके चाँडो र बालमैत्री वातवरणमा आवश्यकतानुसार स्वास्थ्य जाँच तथा  कानूनी प्रक्रिया पूरा गरी बालबालिकालाई घटना व्यवस्थापनका लागि जिम्मेवार अस्थायी बाल संरक्षण सेवामा पठाई सुरक्षित रहने सुनिश्चित गर्नुपर्ने तथा घटनाको संवेदनशिलता अनुसार बालबालिकालाई संरक्षित गरिएको स्थान गोप्य राख्नु पर्ने । |
| • उद्धारपछि पनि बालबालिकाको गोपनीयता कायम गर्न उच्च सर्तकता अपनाउने, घटनाको संवेदनशीलता, बालबालिकाको अवस्था लगायतका आधारमा संचार माध्यमलाई बालबालिकासँग प्रत्यक्ष सम्पर्क गर्न नदिने तथा कस्तो सावधानी अपनाउने भन्ने निर्णय गर्नुपर्ने । सञ्चार माध्ययमहरूमा आउने वा आउनसक्ने उद्धार सम्बन्धी समाचारहरूमा बालसंवेदनशीलताको सूनिश्चित गर्न विशेष ध्यान दिने । |
| • बालबालिकाको सर्वोत्तम हितमा असर पर्नसक्ने वा बाबुआमा, अभिभावक नै पीडक भएमा वा पीडकसँग मिलि बालबालिका थप जोखिममा पर्नसक्ने, गलत दबाबमा पर्नसक्ने, घटनाको छानबिन, कारबाही तथा सत्य तथ्य बुझ्न बाधा पर्नसक्ने आशंका भएमा ऐनको दफा ५०(८) बमोजिम बाल कल्याण अधिकारीको निर्णयमा बालबालिकालाई बाबुआमा, अभिभावक तथा परिवारसँगको भेटघाट, सम्पर्कबाट समेत अलग गरी सुरक्षित राख्ने । |
| • उद्धारपछि बालबालिका तथा बालबालिकालाई संरक्षण प्रदान गरिएको स्थान, संस्था, सो कार्यमा संलग्न व्यक्तिहरूको बारेमा गोपनीयता र निजहरूको सुरक्षा चुनौती देखिएको अवस्थामा नजिकको प्रहरी कार्यालय लगायतबाट तत्काल आवश्यक सुरक्षा प्रवन्धका लागि सहयोग गर्नुपर्ने । |
| • उद्धार गरिएका बालबालिकाको विस्तृत विवरण, घटनाको प्रकृति, उद्धार गर्दाको स्थान, मिति, समय लगायतका विवरणहरू सहित उद्धार टोलीमा संलग्न सम्बन्धित प्रहरी कार्यालयको टोली/व्यक्तिले मुचुल्का अनिवार्य तयार गर्ने |
| • घटनाको प्रकृति अनुसार उद्धारसँग सम्बन्धित आवश्यक प्रमाणहरूको लागि बालबालिका तथा संरक्षकको सहमतिमा फोटो, भिडियोहरू खिचेर सुरक्षित गर्ने । |

उद्धार गरिएका बाबालिका वा उद्धार नगरिनै बाल संरक्षण सेवा प्रदान गर्नुपर्ने बालबालिकाको लागि लेखाजोखा प्रतिवेदनका आधारमा पहिचान भएका तथा उद्धार पश्चात थप सेवा को आवश्यकता पहिचान भएमा सो समेतको सेवा प्रदान गर्नेगरी बालबालिकाको उच्चतम हित निर्धारण गरी स्याहार योजना निर्माण गर्नुपर्दछ ।  बालबालिकाको उच्चतम हितको लेखाजोखा र निर्धारण गर्दा निम्न विषयहरूमा ध्यान पुऱ्याउनुपर्दछः-

| उच्चतम हित निर्धारण गर्नुपर्ने अवस्थाहरू | उच्चतम हित लेखाजोखा गर्न बाल कल्याण अधिकारीले खटाउन सक्ने व्यक्ति/निकाय | उच्चतम हित निर्धाण गर्ने आधिकारीक व्यक्ति/निकाय |
|---|---|---|
| बालबालिकाको संरक्षण तथा सेवा प्रवाहमा उच्चतम हित निर्धारण | • स्थानीय तहमा सूचीकृत समाजसेवी वा बालमनोविज्ञ<br>• बाल हेल्पलाइन सेवा (१०९८)<br>• बालबालिका खोजतलास सेवा (१०४)<br>• नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र<br>• बाल कल्याण अधिकारीले खटाएको सेवा प्रदायक संस्था | बाल कल्याण अधिकारी |
| वैकल्पिक हेरचाह सम्बन्धी उच्चतम हित निर्धारण | • स्थानीय तहमा सूचीकृत समाजसेवी वा बालमनोविज्ञ<br>• बाल हेल्पलाइन सेवा (१०९८)<br>• बालबालिका खोजतलास सेवा (१०४)<br>• नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र<br>• बाल कल्याण अधिकारीले खटाएको सेवा प्रदायक संस्था | बाल कल्याण अधिकारीको सिफारिसमा स्थानीय बाल अधिकार समिति |

| उच्चतम हित लेखाजोखा तथा निर्धारण गर्दा ध्यान दिनुपर्ने विषयहरू |
|---|
| • बालबालिकाको लेखाजोखा प्रतिवेदनका आधारमा पहिचान भएका आवश्यक सेवाहरूको प्राथमिकीकरण गरी सोही अनुसार उपलब्ध गराउनुपर्दछ ।<br>• बालबालिकालाई उद्धार पश्चात अस्थायी संरक्षण सेवाको प्रवन्ध गर्दा बालबालिकाको जोखिमको प्रकृति (सडक बालबालिका, वेवारिसे बालबालिका, मापदण्ड विपरित सञ्चालित बालगृहबाट उद्धार गरिएका, हिंसा तथा दुर्व्यवहारबाट पीडित, जोखिममा परेका बालबालिका आदी) को आधारमा विशिष्टिकृत सेवा प्रदान गर्ने अस्थायी संरक्षण सेवामा संरक्षण गर्नुपर्दछ ।<br>• विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई सहयोग उपलब्ध गराउँदा बाबुआमा दुवैसँग, आमा वा बाबुमध्ये एकजना जिवित भए निजसँग, सो नभए परिवारका अन्य सदस्य वा संरक्षकसँग राखी हेरचाह तथा उपचार गर्ने व्यवस्था मिलाउनु पर्दछ ।<br>• बाबु आमालाई गम्भीर शारिरीक वा मानसिक अपाङ्गता भएका कारण उचित हेरचाह नपाएका बालबालिकाका बाबुआमालाई सहयोग उपलब्ध गराँउदा आफ्ना बालबालिका आफैसँग राख्न सम्भव भएमा बालबालिकालाई बाबुआमा दुवै वा बाबुआमा मध्ये एकजनाको साथमा राखी बालबालिकाको हेरचाह गर्ने व्यवस्था गर्नुपर्दछ ।<br>• थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित बालबालिकाका बाबु वा आमा मध्ये एकजना कारागार बाहिर भएमा निजसँग राखेर बालबालिकाको हेरचाह गर्ने व्यवस्था गर्नुपर्दछ र सो सम्भव नभएमा मात्र वैकल्पिक हेरचाहको व्यवस्था गर्नुपर्दछ । |
| • विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई सहयोग उपलब्ध गराउनका लागि स्थानीय तहमा सूचीकृत संस्थाको समन्वयमा स्वास्थ्योपचार, मनोसामाजिक परामर्श सहयोग, दुर्व्यसनी उपचार केन्द्र लगायतका लाभकारी कार्यक्रमको बारेमा सम्बन्धित बालबालिका र अभिभावकलाई जानकारी दिई उक्त बालबालिकाको उपचार, पारिवारिक वा अन्य सहयोग सरोकारवालासँग समन्वय गरी उपलब्ध गराउनु पर्दछ ।<br>• विपन्न दलित समुदायका बालबालिकालाई प्रचलित कानून बमोजिमका सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गराई निजलाई परिवारमा नै राखी आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा एवं पोषण लगायतका सुविधामा पहुँचको निमित्त सहयोग गर्नुपर्दछ ।<br>• बाल अधिकारको उपभोगबाट वञ्चितीकरणमा परेका बालबालिकाको अधिकारको कार्यान्वयनका लागि उपलब्ध गराउनुपर्ने सेवा तथा सुविधाहरूको उपलब्धताका लागि सहजीकरण गर्नुपर्दछ । |

- सम्बन्धित बाल कल्याण अधिकारीले ऐनको दफा ४९ बमोजिमको वैकल्पिक हेरचाहका निम्नानुसारको प्रथमिकीकरणको आधारमा विस्तृत लेखाजोखा गरी स्थानीय बाल अधिकार समितिमा सिफारिस गर्ने

**पहिलो विकल्प** – बालबालिकाको आफन्त वा नजिकको नातेदार भए नभएको र भएमा बालबालिका र आफन्तको इच्छा रहे नरहेको र बालबालिकाको संरक्षणका लागि सामाजिक, आर्थिक तथा पारिवारिक वातावरण रहे नरहेको एकीन गर्ने

**दोस्रो विकल्प** – बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्ति सम्बन्धित स्थानीय तहमा सूचीकृत भए नभएको, भएको भए उक्त परिवार वा व्यक्तिसँग इच्छा रहे नरहेको तथा बालबालिकाको संरक्षणका लागि सामाजिक, आर्थिक तथा पारिवारिक वातावरण रहे नरहेको एकीन गर्ने

**तेस्रो विकल्प** – बालबालिकालाई परिवारमा आधारित हेरचाह गर्ने संस्था सम्बन्धित स्थानीय तह वा प्रदेश वा संघमा सूचीकृत रहे नरहेको, सूचीकृत भएको भए मापदण्ड पुगे नपुगेको, क्षमता भए नभएको तथा बालबालिकाको संरक्षणका लागि स्रोत, साधन भए नभएको एकिन गर्ने

**अन्तिम विकल्प** – बालगृह सम्बन्धित स्थानीय तह वा प्रदेश वा संघमा सूचीकृत रहे नरहेको, सूचीकृत भएको भए मापदण्ड पुगे नपुगेको, क्षमता भए नभएको तथा बालबालिकाको संरक्षणका लागि स्रोत, साधन भए नभएको एकिन गर्ने

बालबालिकाको वैकल्पिक स्याहार तथा संरक्षण सेवा प्रवाहका लागि उच्चतम हित लेखाजोखा प्रतिवेदन तयार गर्दा देहायका विषयहरू समावेश गर्नुपर्दछः-

- बालबालिकाको उमेर, लिङ्ग लगायतका व्यक्तिगत विशेषता
- बालबालिकाको जोखिमको अवस्था
- बालबालिकाको परिवारिक पृष्ठभूमी र नातेदार तथा आफन्तहरू सम्बन्धी विवरण
- बालबालिकासँग नजिक रहेका व्यक्ति तथा सेवा प्रदायकहरूको राय
- बालबालिकाको जातीयता, धर्म, संस्कृति तथा भाषा जस्ता पहिचानका पक्षहरू
- बालबालिकाको अपाङ्गता वा अन्य कुनै विशेष आवश्यकता भएको भए त्यस्तो आवश्यकता पुरा हुने वा नहुने
- बालबालिकाको दाजुभाई दिदिबहिनीको रहे बसेको स्थान र उनीहरूसँगको सम्बन्धमा पर्न सक्ने प्रभाव
- बालबालिकालाई निश्चित समयको लागि स्थायित्व प्रदान गर्न सक्ने वा नसक्ने
- आफ्नो धारणा बनाउन सक्ने उमेर र क्षमता भएका बालबालिकाको हकमा निजको धारणा
- आवश्यक देखिएमा बाल विकास वा बाल मनोविज्ञान सम्बन्धी विज्ञको राय
- बाल कल्याण अधिकारीले आवश्यक ठानेको अन्य विषय
- बालिका र किशोरीहरू पीडित तथा प्रभावित भएका घटनाहरू भए विशेष आवश्यकताको पहिचान
- वैकल्पिक स्याहारको लागि भए विकल्पहरू के कस्ता थिए र बाल कल्याण अधिकारीले प्रस्तावित विकल्प छनौट गर्नुको कारण

यसको अतिरिक्त ऐनको दफा १६ को उपदफा (३) बमोजिम बाबु आमाको सम्बन्ध विच्छेद भई छोराछोरीको हेरचाह र पालनपोषण कसले गर्ने भन्ने विषयमा सम्बन्धित पक्षको सहमति हुन नसकेमा वा सम्बन्धित बालबालिकाको हितको लागि बाल अदालतले माग गरेमा बालबालिका रहे बसेको स्थानीय तहको बाल कल्याण अधिकारीले बालबालिकाको उच्चतम हित सम्बन्धी प्रतिवेदन तयार गरी स्थानीय बाल अधिकार समितिमा पेश गर्नु पर्दछ । यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १६ को उपदफा (३) बमोजिम बालबालिकालाई बाबुआमा वा संरक्षकबाट अलग गर्नु सम्बन्धित बालबालिकाको उच्चतम हितमा हुने भनी बाल कल्याण अधिकारीको प्रतिवेदन तथा सिफारिसको आधारमा स्थानीय बाल अधिकार समितिले सिफारिस गरेमा अदालतले प्रचलित कानुन बमोजिम पैतृक वा मातृक अख्तियारीमा रोक लगाइ सम्बन्धित बालबालिकालाई अलग गर्न सक्दछ ।

बालबालिकाको उच्चतम हित निर्धारण भए पश्चात सोही अनुसार बालबालिकाको संरक्षण सेवाका लागि स्याहार योजनाको निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ । स्याहार योजना निर्माण कार्य बाल संरक्षण घटना व्यवस्थापन सूचना प्रणाली(CPIMS) मा गर्नुपर्दछ । स्यहार योजना निर्माण गर्दा तल तालिकामा उल्लेख गरे अनुसारको विवरण समावेश गर्नुपर्दछः-

| **स्याहार योजना निर्माण गर्दा समावेश गर्नुपर्ने विषयहरू** |
|---|
| • स्याहार योजना कार्यान्वयनका लागि के के सेवाहरू प्रदान गर्नुपर्दछ ?<br>• स्याहार योजनाको उद्देश्य के हो ?<br>• स्याहार योजनामा समावेश भएका सेवाहरू कुन कुन संयन्त्रबाट कहिले कहिले प्रदान गरिन्छ ?<br>• स्याहार योजना कार्यान्वयनको सुरुवात र अन्त्य मिति कहिले हो ?<br>• क्रमवद्ध क्रियाकलाप के के हुन र कार्यान्वयनको समयावधि कहिले हो ?<br>• जोखिमको पुनः लेखाजोखा गर्नको साथै समिक्षाको मिति कहिले हो ?<br>• आवश्यक सेवाहरू उपलब्ध गराउने संस्था, व्यक्ति तथा निकायहरूको स्पष्ट जिम्मेवारी के के हो? |

| **स्याहार योजना निर्माण गर्ने निकाय** | **स्याहार योजना स्वीकृत गर्ने आधिकारिक व्यक्ति ⁄ निकाय** | **स्याहार योजना अनुसारको संरक्षण सेवा प्रवाहका लागि प्रेषण गर्न सकिने सहयोगी निकाय ⁄ संस्था** |
|---|---|---|
| • स्थानीय तहमा सूचीकृत समाजसेवी वा बालमनोविज्ञ<br>• बाल हेल्पलाइन सेवा (१० ९८)<br>• बालबालिका खोजतलास सेवा (१०४)<br>• नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र<br>• बाल कल्याण अधिकारीले खटाएको सेवा प्रदायक संस्था | • बाल कल्याण अधिकारी<br>• वैकल्पिक स्यहारको व्यवस्था गर्नुपर्ने घटनाहरूमा बाल कल्याण अधिकारीको सिफारिसमा स्थानीय बाल अधिकारी समिति | • विशिषष्टिकृत सेवा प्रदान गर्ने स्थानीय तहमा सूचीकृत अस्थायी संरक्षण सेवा केन्द्र<br>• बाल हेल्पलाइन सेवा १०९८<br>• बालबालिका खोजतलास सेवा १०४<br>• पुनःस्थापना केन्द्र<br>• वैकल्पिक स्याहार प्रदान गर्ने स्थानीय तहमा सूचीकृत संस्था<br>• स्वास्थ्य संस्था<br>• शैक्षिक संस्था<br>• बालबालिका विरुद्धको कसूर सम्बन्धी घटनाहरूमा बालबालिकाको तर्फबाट मुद्धा प्रकृयाका लागि सरकारी वकिल कार्यालय |

## चरण-४ अनुगमन र समिक्षा

घटना व्यवस्थापन प्रकृयाको पाँचौ चरणमा बालबालिकाको सर्वोत्तम हितको आधारमा निर्माण गरिएको स्याहार योजनाले बालबालिकालाको संरक्षण सम्बन्धी उद्देश्य पुरा भैरहेको छ या छैन भन्ने विषयमा बाल कल्याण अधिकारीले अनुगमन गर्नुपर्दछ । स्याहार योजनाको अनुगमन तथा समिक्षा गर्दा निम्न विषयहरूमा समिक्षा गर्नुपर्दछः-

| अनुगमन गर्दा ध्यान दिनुपर्ने विषयहरू | समिक्षा गर्दा ध्यान दिनुपर्ने विषयहरू |
|---|---|
| • स्याहार योजनाको उद्देश्य अनुसार बालबालिकाले सेवा पाइरहेको छ या छैन ।<br>• बालबालिकालाई के के सेवाहरू प्रदान गरिएको छ ।<br>• प्रदान गरिएका सेवाहरूले बालबालिका लाभान्वित भएको छ या छैन ।<br>• थप सेवाहरू आवश्यक छ कि छैन । | • सेवा प्रदान गर्न स्याहार योजनामा जिम्मेवारी तोकिएका संयन्त्र तथा संस्थाहरूले सेवाहरू उपलब्ध भय नभयको वा उपलब्ध गराएका सेवाहरू प्रभावकारी कार्यान्वियन भए-नभएको तथा परिमार्जन गर्नुपर्ने, नपर्ने एवम् बालबालिकाको आवश्यकता पूरा भए-नभए लगायतका सम्बन्धमा नियमित अनुगमन र समिक्षा गर्ने<br>• समिक्षाका क्रममा बालबालिका तथा परिवारमा थप जोखिम देखा परेमा तथा अन्य आवश्यकता परेमा सो को योजना पनि बनाई स्याहार योजनामा समावेश गर्ने ।<br>• बाल कल्याण अधिकारीले सबै सेवा प्रदायकहरूले प्रदान गरेको सेवाको गुणस्तर तथा प्रभावकारिताको नियमित रुपमा सामान्यतया घटनाको प्रकृति र गाम्भीर्यताको समिक्षा गर्ने ।<br>• सेवा प्रवाहका लागि सिफारिस गरिएको संयन्त्र तथा संस्थाहरूले बालबालिका तथा सिफारिस गरिएका अन्य संस्था, निकायबाट प्रदान गरिएको सेवाको अवस्थाको नियमित अनुगमन गरी पर्याप्त सूचना, जानकारी राख्ने<br>• समाजसेवीले प्रत्येक बालबालिकाको अबलोकन, पारिवारिक भेटघाट, अन्तर्वार्ता, टेलिफोन-वार्ता आदि माध्यमबाट जानकारी लिई अनुगमन प्रतिवेदन तयार गर्ने<br>• घटनाको संवेदनशिलता र जोखिमको स्तरको आधारमा अनुगमन कति पटक गर्ने भन्ने कुराको निर्धारण गरी कार्यान्वियन गर्ने ।<br>• बाल कल्याण अधिकारी, सेवा प्रदायक संयन्त्रहरू तथा आवश्यकता अनुसार अन्य व्यक्ति, विशेषज्ञ लगायतको सहभागितामा समिक्षा बैठक बसी अनुगमन प्रतिवेदन समेतका आधारमा नियमित रूपमा स्याहार योजनामा तोकिएको समयमा घटनाको समिक्षा गर्ने ।<br>• घटनाको प्रकृति र आवश्यकता हेरी कुनै पनि समयमा समिक्षा बैठक बस्न सकिन्छ । घटना व्यवस्थापनको प्रगतिका आधारमा आवश्यकतानुरुप स्याहार योजना परिमार्जन गर्न सकिन्छ । घटना समापन नभएसम्म स्याहार योजनाको समिक्षा निरन्तर जारी राख्ने ।<br>• स्याहार योजनाले बालबालिकाको सर्वोत्तम हित नहुने देखिएमा वा शुरुवातमा बनाइएको स्याहार योजनाले बालबालिकाको समस्या समाधान गर्न नसक्ने भएमा बाल कल्याण अधिकारीले पुनः बालबालिकाको विस्तृत लेखाजोखा गरी/गराई नयाँ स्याहार योजनाको निर्माण गरी कार्यान्वियन गर्ने |

## चरण-५ घटना समापन

बाल संरक्षण सम्बन्धी घटना व्यवस्थापन प्रकृयाको अन्तिम चरण घटना समापन हो । बाल अधिकारको उल्लङ्घन भएका घटनाबाट पीडित तथा प्रभावित, विशेष संरक्षणको आवश्यकता भएका, अधिकारको वञ्चितीकरणमा परेका तथा विभिन्न कारणले जोखिममा परेका बालबालिकालाई स्याहार योजनाले निर्धारण गरे बमोजिमको उद्देश्य प्राप्ति भएमा बाल कल्याण अधिकारीको निर्णयले मात्र घटना समापन गर्नुपर्दछ। घटना समापन गर्ने अवस्था, घटना समापन गर्नुपूर्व ध्यान दिनुपर्ने विषयहरू तलको तालिकामा उल्लेख गरिए अनुसार हन्छः-

| घटना समापन गर्न सकिने अवस्थाहरू | घटना समापन पूर्व ध्यान दिनुपर्ने विषयहरू | घटना समापन गर्ने आधाकारिक व्यक्ति |
|---|---|---|
| • समस्या सम्वोधन र समाधान भई स्याहार योजनाको लक्ष्य पूरा भएमा<br>• बालबालिका वयस्क अवस्थामा प्रवेश गरेमा ।<br>• बालबालिका र परिवारले थप सहयोग अस्वीकार गरेमा वा सो आवश्यक नदेखिएमा ।<br>• बालबालिकाको मृत्यु भएमा । | • घटना समापन गर्नुपूर्व समाजसेवी, बालबालिका, उनका परिवार, नातेदार, शिक्षक, सेवाप्रदायक संयन्त्रहरू वा संस्था बीच बैठक राखी घटनाको विस्तृत लेखाजोखा गर्नु पर्दछ ।<br>• बालबालिका, परिवार वा स्याहारकर्तालाई घटना समापनको प्रक्रिया र निर्णयमा समावेश गराउनु पर्दछ ।<br>• आवश्यक परेको खण्डमा बालबालिकालाई प्राथमिक सेवा प्रदायक र समुदायमा विद्यमान अन्य कार्यक्रमबाट सहयोग (जस्तै, आय-आर्जन क्रियाकलाप, छात्रवृत्ति, बाल/युवा क्लवमा सहभागिता आदि) उपलब्ध गर्नको लागि बालबालिका, उसको परिवार र कार्यक्रमबीच सम्बन्ध स्थापना गर्न पहल गर्नुपर्दछ ।<br>• अभिभावक पत्ता लागी पारिवारिक पुनर्मिलन भई घटना समापन गरिने अवस्थामा पारिवारिक पुनर्मिलन गर्नुपूर्व समाजसेवी वा सेवा प्रदायक संस्थाले परिवारको विस्तृत लेखाजोखा गरी सर्वोत्तम हित लेखाजोखा गरी तथा बाल कल्याण अधिकारीले सो को निर्धारण गर्नुपर्दछ ।<br>• बालबालिकालाई पारिवारिक पुनर्मिलन पश्चात लेखाजोखा प्रतिवेदन तथा आवश्यकताका आधारमा आवश्यक सहयोग तथा सेवाहरू उपलब्ध गराउनु पर्दछ ।<br>• वैकल्पिक हेरचाहमा संरक्षण गरिएका बालबालिकाको पारिवारिक खोजी निरन्तर गर्नुपर्दछ । वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको अनुगमन समेत नियमित रुपमा गर्नु गराउनुपर्दछ । | बाल कल्याण अधिकारी |

२.२ **बालबालिकाको व्यक्तिगत घटना फाइलः–**

घटना व्यवस्थापनका लागि दर्ता भएका प्रत्येक बालबालिकाको व्यक्तिगत सूचना सहित घटना व्यवस्थापनका हरेक चरणका सम्पूर्ण सूचना तथा अभिलेखहरू सुरक्षित राख्नुपर्दछ । प्रत्येक बालबालिकाको छुट्टा छुट्टै घटना फाइल बाल कल्याण अधिकारीले कम्तिमा २० वर्षसम्म सुरक्षित राख्नुपर्दछ ।

२.३ **सुसूचित सहमति⁄मञ्जुरीः**

घटना व्यवस्थापन प्रक्रियामा संलग्न हुने व्यक्तिले बालबालिकाको उमेर, परिपक्वता तथा तत्कालिन अवस्थाका आधारमा घटना व्यवस्थापन प्रक्रियाबारे बालबालिकालाई जानकारी दिँदै उनीहरूको तथा नीजका अभिभावक वा स्याहारकर्ताको सू-सूचित मञ्जुरी लिनुपर्दछ । तर विशेष परिस्थितिमा यदि सू-सूचित मञ्जुरीको प्रक्रियामा अभिभावक वा स्याहारकर्ताको सहभागिता बालबालिकाको सर्वोत्तम हितमा छैन भन्ने निर्क्यौल भएमा बाल कल्याण अधिकारीले सोही व्यहोरा उल्लेख गरी घटना व्यवस्थापन प्रक्रिया अघी बढाउनु पर्दछ ।

# अनुसूचीहरु

*अनुसूची-१*

विशेष संरक्षणको आवश्यकता भएका, बालबालिका विरुद्धको कसूरबाट पीडित तथा प्रभावित र बाल अधिकारको उपभोगबाट वञ्चितीकरणमा परेका बालबालिकाको संरक्षण, व्यवस्थापनका लागि स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी, बाल हेल्पलाइन सेवा (१०९८), बालबालिका खोजतलास सेवा (१०४) तथा नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र प्रमुख जिम्मेवार निकायको रुपमा लिइएको छ ।

| संरक्षण सेवा आवश्यक समूह | घटनासँग सम्बन्धित आवश्यक कागजात | संरक्षण व्यवस्थापनका लागि जिम्मेवार निकाय | संरक्षण व्यवस्थापनका लागि सहयोगी व्यक्ति/निकाय/संस्था | सम्बन्धित कानूनी व्यवस्था |
|---|---|---|---|---|
| **अनाथ बालबालिका** | **अनिवार्य संलग्न हुनुपर्ने कागजात**<br>● अनाथ प्रमाणित कागजात वा सिफारिस, समाजसेवी वा बालमनोविज्ञको प्रतिवेदन, स्थानीय बाल अधिकार समितिको निर्णय र सिफारिस<br>उपलब्ध भएसम्म संलग्न हुनुपर्ने कागजात<br>● जन्मदर्ता, शैक्षिक प्रमाणपत्र,पैत्रिक सम्पति सम्बन्धी कागजात | ● स्थानीय बाल अधिकार समिति | ● बाल कल्याण अधिकारी<br>● समाजसेवी वा बालमनोविज्ञ<br>● राष्ट्रिय बाल अधिकार परिषद्‌बाट सञ्चालन अनुमति प्राप्त बालबालिकालाई वैकल्पिक हेरचाह सेवा प्रदान गर्न सूचीकृत संस्था<br>● प्रदेश बाल अधिकार समिति<br>● राष्ट्रिय बाल अधिकार परिषद् | बालबालिका सम्बन्धी ऐन, २०७५ दफा ४८ र ४९, बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ५०, ५१ र ५३ तथा अन्य प्रचलित कानूनहरू |

| संरक्षण सेवा आवश्यक समूह | घटनासँग सम्बन्धित आवश्यक कागजात | संरक्षण व्यवस्थापनका लागि जिम्मेवार निकाय | संरक्षण व्यवस्थापनका लागि सहयोगी व्यक्ति/निकाय/संस्था | सम्बन्धित कानूनी व्यवस्था |
|---|---|---|---|---|
| **वेवारिसे फेला परेका बालबालिका** | **अनिवार्य संलग्न हुनुपर्ने कागजात**<br>● बेवारिस भेटिएको खुल्ने प्रहरी प्रहरी प्रतिवेदन, स्वास्थ्य संस्थामा छोडिएको भए सम्बन्धित स्वास्थ्य संस्थाको सिफारिस<br>**उपलब्ध भएसम्म संलग्न हुनुपर्ने कागजात**<br>● जन्मदर्ता, हक दाबीको लागि प्रकाशन गरिएको सार्वजनिक सूचना | ● स्थानीय बाल अधिकार समिति<br>● बालबालिका खोजतलास सेवा १०४ | ● बाल कल्याण अधिकारी<br>● समाजसेवी वा बालमनोविज्ञ<br>● राष्ट्रिय बाल अधिकार परिषद्बाट सञ्चालन अनुमति प्राप्त बालबालिकालाई अस्थायी संरक्षण सेवा प्रदान गर्न सूचीकृत संस्था<br>● प्रदेश बाल अधिकार समिति<br>● राष्ट्रिय बाल अधिकार परिषद्<br>● नेपाल प्रहरी | बालबालिका सम्बन्धी ऐन, २०७५ दफा ४८, ४९, ५४ र ६९<br>बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ५०, ५१, ५३ र ६८,<br>बालबालिका खोजतलास नं १०४ सञ्चालन निर्देशिका, २०७६ |
| **सडक बालबालिका** | **अनिवार्य संलग्न हुनुपर्ने कागजात**<br>● सडकबाट उद्धार गरिएको खुल्ने प्रहरी प्रतिवेदन<br>**उपलब्ध भएसम्म संलग्न हुनुपर्ने कागजात**<br>● जन्मदर्ता, शैक्षिक विवरण सम्बन्धी कागजात, पारिवारिक विवरण सम्बन्धी कागजात | ● स्थानीय बाल अधिकार समिति<br>● बालबालिका खोजतलास सेवा (१०४) | ● बाल हेल्पलाइन सेवा (१०९८)<br>● बाल कल्याण अधिकारी<br>● राष्ट्रिय बाल अधिकार परिषद्बाट सञ्चालन अनुमति प्राप्त बालबालिकालाई अस्थायी संरक्षण सेवा प्रदान गर्न सूचीकृत संस्था<br>● प्रदेश बाल अधिकार समिति<br>● राष्ट्रिय बाल अधिकार परिषद् | बालबालिका सम्बन्धी ऐन, २०७५ दफा ४८, ४९, ५४ र ६९<br>बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ५० र ६८, सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि, २०७६ |

| संरक्षण सेवा आवश्यक समूह | घटनासँग सम्बन्धित आवश्यक कागजात | संरक्षण व्यवस्थापनका लागि जिम्मेवार निकाय | संरक्षण व्यवस्थापनका लागि सहयोगी व्यक्ति/निकाय/संस्था | सम्बन्धित कानूनी व्यवस्था |
|---|---|---|---|---|
| **श्रममा संलग्न बालबालिका** | **अनिवार्य संलग्न हुनुपर्ने कागजात**<br>● श्रम कार्यालय, बाल हेल्पलाइन वा बालबालिका खोजतलास सेवा वा प्रहरीबाट उद्धार प्रतिवेदन सहितको पत्र, उमेर खुल्ने कागज, जन्मदर्ता, श्रम कार्यालयमा परेको उजुरीको प्रतिलिपि, समाजसेवी वा बाल मनोविज्ञको लेखाजोखा प्रतिवेदन<br>**उपलब्ध भएसम्म संलग्न हुनुपर्ने कागजात**<br>● शैक्षिक विवरण सम्बन्धी कागजात, पारिवारिक विवरण सम्बन्धी कागजात, रोजगारदाताले दिएको नियुक्तिपत्र | ● श्रम कार्यालय (कानूनी कारवाहीको लागि प्रमुख जिम्मेवार)<br>● स्थानीय बाल अधिकार समिति (बालबालिकाको संरक्षण व्यवस्थापनका लागि प्रमुख जिम्मेवार | ● बालबालिका खोजतलास सेवा १०४<br>● बाल हेल्पलाइन सेवा १०९८<br>● बाल कल्याण अधिकारी<br>● राष्ट्रिय बाल अधिकार परिषद्बाट सञ्चालन अनुमति प्राप्त बालबालिकालाई अस्थायी संरक्षण सेवा प्रदान गर्न सूचीकृत संस्था<br>● प्रदेश बाल अधिकार समिति<br>● राष्ट्रिय बाल अधिकार परिषद्<br>● नेपाल प्रहरी | बालबालिका सम्बन्धी ऐन, २०७५ दफा ४८, ४९, ५३, ५४ र ६९<br>बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ५०, ५१, ५३, ५४ र ६८, बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६), बाल श्रम (निषेध र नियमित गर्ने) नियमावली, २०६२) |
| **आमाबाबु अपाङ्गता भएका कारण जोखिममा परेका बालबालिका** | **अनिवार्य संलग्न हुनुपर्ने कागजात**<br>● अविभावक गम्भीर अपाङ्गता भएको परिचय पत्र<br>● बालबालिकाको जन्मदर्ता<br>● समाजसेवीको अवस्था विश्लेषण प्रतिवेदन<br>**उपलब्ध भएसम्म संलग्न हुनुपर्ने कागजात**<br>● बालबालिकाको शैक्षिक विवरण सम्बन्धी कागजात, पैत्रिक सम्पति सम्बन्धी कागजात | ● स्थानीय बाल अधिकार समिति | ● बाल कल्याण अधिकारी<br>● समाजसेवी वा बालमनोविज्ञ<br>● स्थानीय तहमा अपाङ्गताको क्षेत्रमा कार्यरत संघसंस्था<br>● राष्ट्रिय बाल अधिकार परिषद्बाट सञ्चालन अनुमति प्राप्त बालबालिकालाई अस्थायी संरक्षण सेवा प्रदान गर्न सूचीकृत संस्था<br>● प्रदेश बाल अधिकार समिति<br>● राष्ट्रिय बाल अधिकार परिषद् | बालबालिका सम्बन्धी ऐन, २०७५ दफा ४८<br>बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ५०, ५१, ५३ र ६८ |

| संरक्षण सेवा आवश्यक समूह | घटनासँग सम्बन्धित आवश्यक कागजात | संरक्षण व्यवस्थापनका लागि जिम्मेवार निकाय | संरक्षण व्यवस्थापनका लागि सहयोगी व्यक्ति/निकाय/संस्था | सम्बन्धित कानूनी व्यवस्था |
|---|---|---|---|---|
| **आमा बाबुसँगै कारागारमाआश्रित बालबालिका** | <u>अनिवार्य संलग्न हुनुपर्ने कागजात</u><br>● सम्वन्धित कारागारको सिफारिस<br>● जन्मदर्ता | ● राष्ट्रिय बाल अधिकार परिषद् | ● सम्बन्धित कारागार प्रशासन,<br>● राष्ट्रिय बाल अधिकार परिषद्बाट सञ्चालन अनुमति प्राप्त बालबालिकालाई अस्थायी संरक्षण सेवा प्रदान गर्न सूचीकृत संस्थ | बालबालिका सम्वन्धी ऐन, २०७५ दफा ४८, ४९ र ६९<br>बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ५०, ५१, ५३ र ६८<br>कारागार ऐन २०१९ तथा कारागार नियमावली, २०२० |
| **दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका** | <u>अनिवार्य संलग्न हुनुपर्ने कागजात</u><br>● कानून बमोजिम दिशान्तर गर्नका लागि अनुसन्धान अधिकारी वा सरकारी वकिल वा बाल अदालतको निर्णय सहितको पत्र,<br>● समाजसेवी वा बाल मनोविज्ञको लेखाजोखा प्रतिवेदन | ● बाल कल्याण अधिकारी | ● स्थानीय बाल अधिकार समिति,<br>● बालमनोविज्ञ वा समाजसेवी,<br>● राष्ट्रिय बाल अधिकार परिषद्,<br>● प्रदेश बाल अधिकार समिति,<br>● राष्ट्रिय बाल अधिकार परिषद्बाट सञ्चालन अनुमति प्राप्त बालबालिकालाई वैकल्पिक हेरचाह सेवा प्रदान गर्न सूचीकृत संस्था | बालबालिका सम्बन्धी ऐन, २०७५ दफा २९, ४८, ४९ र ६९<br>बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ५०, ५१, ५३ र ६८<br>बालन्याय सम्पादन कार्यविधि नियमावली, २०७६ |
| **जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका** | <u>अनिवार्य संलग्न हुनुपर्ने कागजात</u><br>● बाल कल्याण अधिकारीलाई दिएको निवेदन,<br>● निवेदकको नागरिकता,<br>● अदालतको फैसला वा प्रहरीमा दिएको जाहेरीको प्रति वा प्रहरी कार्यालयको सिफारिस,<br>● समाजसेवी वा बाल मनोविज्ञको लेखाजोखा प्रतिवेदन,<br>● बालबालिकाको जन्मदर्ता | ● बाल कल्याण अधिकारी | ● स्थानीय बाल अधिकार समिति<br>● समाजसेवी वा बाल मनोविज्ञ<br>● नेपाल प्रहरी<br>● बाल हेल्पलाइन सेवा १०९८<br>● प्रदेश बाल अधिकार समिति,<br>● राष्ट्रिय बाल अधिकार परिषद्,<br>● राष्ट्रिय बाल अधिकार परिषद्बाट सञ्चालन अनुमति प्राप्त बालबालिकालाई वैकल्पिक हेरचाह सेवा प्रदान गर्न सूचीकृत संस्था | बालबालिका सम्बन्धी ऐन, २०७५ दफा ४८, ४९, ६९<br>बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ५०, ५१, ५३ र ६८<br>पञ्जकिरण ऐन, २०७६ |

| संरक्षण सेवा आवश्यक समूह | घटनासँग सम्बन्धित आवश्यक कागजात | संरक्षण व्यवस्थापनका लागि जिम्मेवार निकाय | संरक्षण व्यवस्थापनका लागि सहयोगी व्यक्ति / निकाय / संस्था | सम्बन्धित कानूनी व्यवस्था |
|---|---|---|---|---|
| **बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका** | <u>**अनिवार्य संलग्न हुनुपर्ने कागजात**</u><br>● अदालतको निर्णय, समाजसेवी वा बाल मनोविज्ञको लेखाजोखा प्रतिवेदन | ● स्थानीय बाल अधिकार समिति | ● स्थानीय बाल अधिकार समिति<br>● समाजसेवी वा बाल मनोविज्ञ<br>● प्रदेश बाल अधिकार समिति,<br>● राष्ट्रिय बाल अधिकार परिषद्,<br>● राष्ट्रिय बाल अधिकार परिषद्बाट सञ्चालन अनुमति प्राप्त बालबालिकालाई वैकल्पिक हेरचाह सेवा प्रदान गर्न सूचीकृत संस्था | बालबालिका सम्बन्धी ऐन, २०७५ दफा १६, ४८, ४९, ६९<br>बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम १५, ५०, ५१, ५३ र ६८<br>पञ्जकिरण ऐन, २०७६ |
| **एच.आइ.भि संक्रमित बालबालिका** | <u>**अनिवार्य संलग्न हुनुपर्ने कागजात**</u><br>● स्वास्थ्य केन्द्र, अस्पतालबाट चिकित्सकको जाँच प्रतिवेदन सहितको प्रतिवेदन वा सिफारिस<br>● एच.आइ.भि. संक्रमण परिक्षण प्रतिवेदन<br>● प्रयोग गरिनुपर्ने औषधी, स्वास्थ्य व्यवहार लगायतको स्वास्थ्य विवरण<br>● संरक्षण व्यवस्था सम्बन्धमा समाजसेवीको प्रतिवेदन | ● स्थानीय बाल अधिकार समिति | ● बाल कल्याण अधिकारी<br>● समाजसेवी वा बाल मनोविज्ञ<br>● प्रदेश बाल अधिकार समिति,<br>● राष्ट्रिय बाल अधिकार परिषद्,<br>● राष्ट्रिय बाल अधिकार परिषद्बाट सञ्चालन अनुमति प्राप्त बालबालिकालाई वैकल्पिक हेरचाह सेवा प्रदान गर्न सूचीकृत संस्था<br>● एच.आइ.भि. संक्रमित बालबालिकाको संरक्षणमा कार्यरत संघसंस्था | बालबालिका सम्वन्धी ऐन, २०७५ दफा ४८, ४९ र ६९<br>बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम १५, ५०, ५१, ५२ र ६८ |

| संरक्षण सेवा आवश्यक समूह | घटनासँग सम्बन्धित आवश्यक कागजात | संरक्षण व्यवस्थापनका लागि जिम्मेवार निकाय | संरक्षण व्यवस्थापनका लागि सहयोगी व्यक्ति/निकाय/संस्था | सम्बन्धित कानूनी व्यवस्था |
|---|---|---|---|---|
| **धुमपान, मद्यपान तथा लागू औषध प्रयोग गर्ने बालबालिका** | **अनिवार्य संलग्न हुनुपर्ने कागजात**<br>● अविभावकको निवेदन,<br>● स्वास्थ्य केन्द्र वा अधिकारप्राप्त लागु औषध परिक्षण केन्द्र वा प्रहरीको प्रतिवेदन ।<br>● संरक्षण व्यवस्था सम्बन्धमा समाजसेवीको प्रतिवेदन<br>● पारिवारिक विवरण | ● स्थानीय बाल अधिकार समिति | ● लागू औषध दुर्व्यसनी उपचारका लागि कानून बमोजिम स्थापना भई सूचीकृत अस्थायी संरक्षण सेवा केन्द्र<br>● बाल कल्याण अधिकारी<br>● समाजसेवी वा बाल मनोविज्ञ<br>● राष्ट्रिय बाल अधिकार परिषद्,<br>● प्रदेश बाल अधिकार समिति, | बालबालिका सम्बन्धी ऐन, २०७५ दफा ४८ र ६९<br>बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ६८ |
| **अपाङ्गताका कारण सामन्य जीवनयापन गर्न कठीनाइ भएका बालबालिका** | **अनिवार्य संलग्न हुनुपर्ने कागजात**<br>● अपाङ्गता परिचय पत्र<br>● जन्मदर्ता<br>● अपाङ्गताका कारण सामान्य जीवनयापन कठिनाइ छ भन्ने स्वास्थ्य संस्थाको सिफारिस पत्र<br>● वैकल्पिक स्याहार तथा संरक्षण व्यवस्था सम्बन्धमा समाजसेवीको प्रतिवेदन | ● स्थानीय बाल अधिकार समिति | ● बाल कल्याण अधिकारी<br>● समाजसेवी वा बाल मनोविज्ञ<br>● राष्ट्रिय बाल अधिकार परिषद्,<br>● प्रदेश बाल अधिकार समिति<br>● अपाङ्गता भएका बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्थाहरू | बालबालिका सम्बन्धी ऐन, २०७५ दफा १२ र ४८<br>बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ५० र ५२<br>अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ तथा नियमावली, २०७७ |

| संरक्षण सेवा आवश्यक समूह | घटनासँग सम्बन्धित आवश्यक कागजात | संरक्षण व्यवस्थापनका लागि जिम्मेवार निकाय | संरक्षण व्यवस्थापनका लागि सहयोगी व्यक्ति / निकाय / संस्था | सम्बन्धित कानूनी व्यवस्था |
|---|---|---|---|---|
| **शारीरक तथा मानसिक हिंसाबाट पीडित / प्रभावित बालबालिका** | **अनिवार्य संलग्न हुनुपर्ने कागजात**<br>● शारीरिक तथा मानसिक हिंसाबाट पीडित भएको खुल्ने निवेदन, उजुरी वा स्वास्थ्य परिक्षण प्रतिवेदन<br>● जन्मदर्ता<br>● बाल हेल्पलाइन वा प्रहरी कार्यालयमा प्राप्त सूचना<br>● समाजसेवी वा बालमनोविज्ञको प्रतिवेदन<br>**उपलब्ध भएसम्म संलग्न हुनुपर्ने कागजात**<br>● शैक्षिक विवरण सम्बन्धी कागजात, पारिवारिक विवरण सम्बन्धी कागजात, घटनासँग सम्बन्धित अन्य कागजात | ● स्थानीय बाल अधिकार समिति<br>● बाल हेल्पलाइन सेवा १०९८ | ● बाल कल्याण अधिकारी<br>● समाजसेवी वा बाल मनोविज्ञ<br>● राष्ट्रिय बाल अधिकार परिषद्,<br>● प्रदेश बाल अधिकार समिति<br>● नेपाल प्रहरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरकि सेवा केन्द्र<br>● एकद्वार संकट व्यवस्थापन केन्द्र<br>● नेपाल सरकारबाट सञ्चालन अनुमति प्राप्त पुनःस्थापना केन्द्र<br>● राष्ट्रिय बाल अधिकार परिषद्बाट सञ्चालन अनुमति प्राप्त बालबालिकालाई अस्थायी संरक्षण सेवा प्रदान गर्न सूचीकृत संस्था | बालबालिका सम्वन्धी ऐन, २०७५ दफा ६६, ६९, ७१ बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ५० र ५१, ५३, ५४, ६८, ६९, ७०, ७१ |

| संरक्षण सेवा आवश्यक समूह | घटनासँग सम्बन्धित आवश्यक कागजात | संरक्षण व्यवस्थापनका लागि जिम्मेवार निकाय | संरक्षण व्यवस्थापनका लागि सहयोगी व्यक्ति/निकाय/संस्था | सम्बन्धित कानूनी व्यवस्था |
|---|---|---|---|---|
| **यौनहिंसा तथा दुर्व्यवहारबाट पीडित र प्रभावित** | **अनिवार्य संलग्न हुनुपर्ने कागजात**<br>● शारीरिक तथा मानसिक हिंसाबाट पीडित भएको खुल्ने निवेदन, उजुरी वा स्वास्थ्य परीक्षण प्रतिवेदन<br>● जन्मदर्ता<br>● बाल हेल्पलाइन वा प्रहरी कार्यालयमा प्राप्त सूचना<br>● समाजसेवी वा बालमनोविज्ञको प्रतिवेदन<br>**उपलब्ध भएसम्म संलग्न हुनुपर्ने कागजात**<br>● शैक्षिक विवरण सम्बन्धी कागजात, पारिवारिक विवरण सम्बन्धी कागजात, घटनासँग सम्बन्धित अन्य कागजात | ● स्थानीय बाल अधिकार समिति<br>● बाल हेल्पलाइन सेवा १०९८ | ● बाल कल्याण अधिकारी<br>● समाजसेवी वा बाल मनोविज्ञ<br>● राष्ट्रिय बाल अधिकार परिषद्,<br>● प्रदेश बाल अधिकार समिति<br>● नेपाल प्रहरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरकि सेवा केन्द्र<br>● एकद्वार संकट व्यवस्थापन केन्द्र<br>● नेपाल सरकारबाट सञ्चालन अनुमति प्राप्त पुनःस्थापना केन्द्र<br>● राष्ट्रिय बाल अधिकार परिषद्बाट सञ्चालन अनुमति प्राप्त बालबालिकालाई अस्थायी संरक्षण सेवा प्रदान गर्न सूचीकृत संस्था | बालबालिका सम्वन्धी ऐन, २०७५ दफा ६६, ६९, ७१ बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ५० र ५१, ५३, ५४, ६८, ६९, ७०, ७१ |

| संरक्षण सेवा आवश्यक समूह | घटनासँग सम्बन्धित आवश्यक कागजात | संरक्षण व्यवस्थापनका लागि जिम्मेवार निकाय | संरक्षण व्यवस्थापनका लागि सहयोगी व्यक्ति/निकाय/संस्था | सम्बन्धित कानूनी व्यवस्था |
|---|---|---|---|---|
| **अनलाइन दुर्व्यवहार तथा जोखिममा रहेका बालबालिका** | **अनिवार्य संलग्न हुनुपर्ने कागजात**<br>● शारीरिक तथा मानसिक हिंसाबाट पीडित भएको खुल्ने निवेदन, उजुरी वा स्वास्थ्य परिक्षण प्रतिवेदन<br>● जन्मदर्ता<br>● बाल हेल्पलाइन वा प्रहरी कार्यालयमा प्राप्त सूचना<br>● समाजसेवी वा बालमनोविज्ञको प्रतिवेदन<br>**उपलब्ध भएसम्म संलग्न हुनुपर्ने कागजात**<br>● शैक्षिक विवरण सम्बन्धी कागजात, पारिवारिक विवरण सम्बन्धी कागजात, घटनासँग सम्बन्धित अन्य कागजात | ● स्थानीय बाल अधिकार समिति<br>● बाल हेल्पलाइन सेवा १०९८ | ● बाल कल्याण अधिकारी<br>● समाजसेवी वा बाल मनोविज्ञ<br>● राष्ट्रिय बाल अधिकार परिषद्,<br>● प्रदेश बाल अधिकार समिति<br>● नेपाल प्रहरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरकि सेवा केन्द्र<br>● एकद्वार संकट व्यवस्थापन केन्द्र<br>● नेपाल सरकारबाट सञ्चालन अनुमति प्राप्त पुनःस्थापना केन्द्र<br>● राष्ट्रिय बाल अधिकार परिषद्बाट सञ्चालन अनुमति प्राप्त बालबालिकालाई अस्थायी संरक्षण सेवा प्रदान गर्न सूचीकृत संस्था | बालबालिका सम्वन्धी ऐन, २०७५ दफा ६६, ६९, ७१<br>बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ५० र ५१, ५३, ५४, ६८, ६९, ७०, ७१<br>अन्य प्रचलित कानूनहरू |
| **जोखिममा रहेका लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिका** | **अनिवार्य संलग्न हुनुपर्ने कागजात**<br>● बाल हेल्पलाइन वा स्थानीय तहमा प्राप्त निवेदन<br>● जन्मदर्ता<br>● पारिवारिक विवरण<br>● शैक्षिक प्रमाणपत्रहरू तथा कागजात<br>● आवश्यक संरक्षण सेवाका सम्बन्धमा समाजसेवीको प्रतिवेदन | ● स्थानीय बाल अधिकार समिति | ● स्थानीय तहको न्यायीक समिति<br>● बाल कल्याण अधिकारी<br>● समाजसेवी वा बाल मनोविज्ञ<br>● बाल हेल्पलाइन सेवा १०९८<br>● राष्ट्रिय बाल अधिकार परिषद्,<br>● प्रदेश बाल अधिकार समिति<br>● राष्ट्रिय बाल अधिकार परिषद् | |

| संरक्षण सेवा आवश्यक समूह | घटनासँग सम्बन्धित आवश्यक कागजात | संरक्षण व्यवस्थापनका लागि जिम्मेवार निकाय | संरक्षण व्यवस्थापनका लागि सहयोगी व्यक्ति/निकाय/संस्था | सम्बन्धित कानूनी व्यवस्था |
|---|---|---|---|---|
| **जन्मदर्ता तथा पहिचानको अधिकारबाट वञ्चितबालबालिका** | **अनिवार्य संलग्न हुनुपर्ने कागजात**<br>● जन्मदर्ताका लागि निवेदन<br>● सम्बन्धित बालकको जन्म र लालानपालनसँग सम्बन्धित उपलब्ध सम्पुर्ण कागजात<br>● सम्बन्धित बालबालिकाको पूर्ण पृष्ठभुमी खुल्ने घटना विवरण। | ● बाल कल्याण अधिकारी | ● स्थानीय तहको न्यायीक समिति<br>● स्थानीय बाल अधिकार समिति<br>● पञ्जिकरण विभाग<br>● राष्ट्रिय बाल अधिकार परिषद्,<br>● बाल हेल्पलाइन सेवा १०९८<br>● जनप्रतिनिधी | बालबालिका सम्वन्धी ऐन, २०७५ दफा ४<br>राष्ट्रिय परियचपत्र तथा पञ्जीकरण ऐन, २०७६ र नियमावली २०७७ |
| **शिक्षाको पहुँचबाट वञ्चित बालबालिका** | **अनिवार्य संलग्न हुनुपर्ने कागजात**<br>● शिक्षाको अधिकारबाट वञ्चित हुनुपर्ने कारण सहितको परिवार, संरक्षक वा बालबालिकाबाट स्थानीय तहमा प्राप्त निवेदन<br>उपलब्ध भएसम्म संलग्न हुनुपर्ने कागजात<br>● जन्मदर्ता, शैक्षिक विवरण सम्बन्धी कागजात, पारिवारिक विवरण सम्बन्धी कागजात, घटनासँग सम्बन्धित अन्य कागजात | ● स्थानीय बाल अधिकार समिति | ● बाल कल्याण अधिकारी<br>● समाजसेवी वा बाल मनोविज्ञ<br>● स्थानीय तहको न्यायीक समिति<br>● राष्ट्रिय बाल अधिकार परिषद्,<br>● प्रदेश बाल अधिकार समिति | बालबालिका सम्वन्धी ऐन, २०७५ दफा १५<br>अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ |

| संरक्षण सेवा आवश्यक समूह | घटनासँग सम्बन्धित आवश्यक कागजात | संरक्षण व्यवस्थापनका लागि जिम्मेवार निकाय | संरक्षण व्यवस्थापनका लागि सहयोगी व्यक्ति/निकाय/संस्था | सम्बन्धित कानूनी व्यवस्था |
|---|---|---|---|---|
| | <u>अनिवार्य संलग्न हुनुपर्ने कागजात</u><br>● स्वास्थ्यको अधिकारबाट वञ्चित हुनुपर्ने कारण सहितको परिवार, संरक्षक वा बालबालिकाबाट स्थानीय तहमा प्राप्त निवेदन<br><u>उपलब्ध भएसम्म संलग्न हुनुपर्ने कागजात</u><br>● जन्मदर्ता, स्वास्थ्य समस्या सम्बन्धी कागजात, पारिवारिक विवरण सम्बन्धी कागजात, घटनासँग सम्बन्धित अन्य कागजात | ● स्थानीय बाल अधिकार समिति | ● बाल कल्याण अधिकारी<br>● समाजसेवी वा बाल मनोविज्ञ<br>● स्थानीय तहको न्यायीक समिति<br>● राष्ट्रिय बाल अधिकार परिषद्,<br>● प्रदेश बाल अधिकार समिति<br>● स्वास्थ्य संस्था<br>● स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | बालबालिका सम्वन्धी ऐन, २०७५ दफा १३<br>जनस्वास्थ्य ऐन, २०७५ र नियमावली २०७७ |
| **विपद, महामारी, दुर्घटनाका कारण जोखिममा परेका बालबालिका** | <u>अनिवार्य संलग्न हुनुपर्ने कागजात</u><br>● बाल हेल्पलाइन सेवा वा बालबालिका खोजतलास सेवा वा स्थानीय तहमा प्राप्त जानकारी वा निवेदन ।<br>● संरक्षण कार्य समूह -Protection Cluster) को प्रतिवेदन तथा निर्णय । | ● स्थानीय बाल अधिकार समिति<br>● बाल हेल्पलाइन सेवा (१०९८)<br>● बालबालिकि खोजतलास सेवा (१०४) | ● बाल कल्याण अधिकारी<br>● समाजसेवी वा बाल मनोविज्ञ<br>● राष्ट्रिय बाल अधिकार परिषद्,<br>● प्रदेश बाल अधिकार समिति<br>● जिल्ला प्रशासन कार्यालय<br>● नेपाल प्रहरी | बालबालिका सम्वन्धी ऐन, २०७५ दफा ४८,<br>बालबालिका सम्बन्धी नियमावली, २०७८ |

## अनुसूची–२– घटना व्यवस्थापनका फारामहरु

फाराम १

### ............... नगर/गाउँपालिका
### बाल अधिकार समिति
# सूचना दर्ता फाराम

| क्र.सं. | सूचना प्राप्त मिति | सूचना दिने व्यक्ति वा सस्था | बालबालिकाको नाम | उमेर | लिङ्ग | बालबालिकाको स्थायी ठेगाना | घटना घटेको स्थान | बाबु/आमाको नाम (जीवित, मृत, बेपत्ता, छाडेको) | हाल बालबालिका संरक्षण गर्ने व्यक्तिको नाम | घटनाको संक्षिप्त विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

फाराम २

**...................नगर/गाउँ पालिका**

**बाल अधिकार समिति**

# स्याहार योजना फाराम

बालबालिकाको नाम : ........................ CPIMS दर्ता नं. : .................................

स्याहार योजना निमार्ण मिति : ............ पहिलो समीक्षाको निम्ति तोकिएको मितिः......

| अपेक्षित परिणाम | अपेक्षित परिणाम प्राप्त गर्न गर्नुपर्ने क्रियाकलाप/सहयोग/सेवाहरू | जिम्मेवार व्यक्ति वा निकाय | समय सीमा |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

सहमत हुनेको हस्ताक्षर र मिति :

बाल कल्याण अधिकारी .........................................

सेवा प्रदायकको नाम र संस्था : ............................................................................

बालबालिका : ..................................

बाबुआमा वा अभिभावकको नाम : .........................................................................

फाराम ३

**...................नगर/गाउँ पालिका**

**बाल अधिकार समिति**

# बालबालिका पारिवारिक पुनर्मिलन फाराम

१. बालबालिकाको दर्ता नाम : ...................... ..............CPIMS दर्ता नं. : ............ मिति : ................
बास्तविक नाम : ................................................ अन्य बोलाउने : .................... उमेर : ....... लिङ्ग :
विशेष चिन्ह (हुलिया) : ................................................................................................................

२. पारिवारिक विवरण :

क. बाबुको नाम : .......................................... उमेर : ..... जीवित/मृत्यु/वेपत्तो/छाडेका : ..................
पेसा : .................................................................... शिक्षित ( ) साक्षर ( )
अशिक्षित ( )

ख. आमाको नाम : ........................................ उमेर : ...... जीवित/मृत्यु/वेपत्तो/छाडेका : .................
पेसा : .................................................................... शिक्षित ( ) साक्षर
( ) अशिक्षित
( )

ग. छाडेको भए कारण र मिति : ...................................................................................................
सौतेनी बाबु/आमा भए नाम र ठेगाना : ......................................................................................
.........................................................................................................................................

३. पारिवारिक आर्थिक अवस्था :(घर, जमिन र आय आर्जनका अन्य श्रोत खुलाउने)
.......................................................................................................................................................
.......................................................................................................................................................

४. पारिवारिक अन्य सदस्यको विवरण :

| सि.नं. | नाम | उमेर | नाता | शिक्षा | पेशा | टिप्पणी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**५. ठेगाना : स्थायी :** गा.वि.स./न.पा. : ..............................वडा नं. : ............ टोल : ............................
जिल्ला : .......................... अस्थायी : गा.वि.स./न.पा.:........................वडा नं. : ................... टोल :
.......................... जिल्ला : ...........................

**बालबालिका बुझाइएको ठेगाना :**

गा.वि.स. / न.पा. : ............................................................ वडा नं. : .......................... टोल : .....
........................................................................ जिल्ला : .............................

६. बालक / बालिकाले घर छाडनुको कारण र मिति :........................................................................

७. बालक / बालिकाले घरछोडेपछि परिवारसँगको सम्पर्क स्थिति :

.....................................................................................................................................

८. सम्पर्कको लागि (समाज सेवी / शिक्षक / गाऊँ प्रतिनिधि / स्थानिय निकाय प्रतिनिधि) :

क. नाम : .................................................................... पेशा : ...................................

ठेगाना : ............................................................... सम्पर्क नं. : ..................................

ख. नाम : .................................................................... पेशा : ...................................

ठेगाना : ............................................................... सम्पर्क न. : ...................................

९. बालक / बालिका जिम्मा लिएको भर्पाइ :

१ साक्षी — दायाँ ............ बायाँ

२ साक्षी — दायाँ ............ बायाँ

लिखितम् ..................................... को नाति / नातिनी.............................को छोरा / छोरी ................................. जिल्ला.............................गा.वि.स / न.पा. वडा नं. ........... बस्ने वर्ष ................ को ............................................ आगे मेरो सहोदर .................................... नाताका ......................................... को नाति / नातिनी .................................. को छोरा / छोरी ................................. जिल्ला ............................. गा.वि.स / न.पा. वडा नं. ..... घर भै ....................... मार्फत ..................................................................... बाट उद्धार गरी मिति.... ........................ देखि ........................................मा बस्दै आएका वर्ष ....... को .. .......................................................... बालक / बालिकालाई आजका मिति .... ............................... मा मैले किनाराका साक्षीहरूको रोहवरमा बुझि लिएको ठीक साँचो हो । पछि मैले निज .................................... बालक / बालिकालाई बुझि लिएको छैन भनि कुनै किसिमको उजूरी गर्ने छैन । गरेमा यसै कागजद्वारा बदर गरी कानुन बमोजिम होस् भनि मेरो मनोमान र राजीखुसीका साथ यो भर्पाइ लेखी सहीछाप गरी यस ............. ............................................ लाई दिएँ ।

इति सम्बत् २० ...... साल ................ महिना ....................गते रोज ................ शुभम् ।

| दाया | बाया |
|---|---|
| | |

दस्तखत : .........................................

१०. अभिलेर्खकर्ताको भनाई : .................................................................................................

.....................................................................................................................................

अभिलेखकर्ताको नाम : .......................................... सहि : ............................ मिति : ...................

फाराम ४

**..................नगर/गाउँ पालिका**

**बाल अधिकार समिति**

# उद्धार सम्बन्धी अभिलेख फाराम

**१) बालबालिकाको विवरण**

बालबालिकाको परिचय नं. .................. नामः ......................................................

लिङ्ग : ....... उमेर ......... स्थायी ठेगानाः....................... गाविस/नपा................... वडा .......... टोल : ............. जिल्ला ......................... हालको ठेगाना .................... गाविस/नपा.................. वडा ......... टोल : ........ जिल्ला बाबुको नामः ......................... ......................... जीवित/मृत्यु/बेपत्ता/छाडेको पेशाः.................. मृत्यु/बेपत्ता/छाडेको भए कति भयो ........................ आमाको नामः............................................................... .............................. जीवित/मृत्यु/बेपत्ता/छाडेको पेशाः.................. मृत्यु/बेपत्ता/छाडेको भए कति भयो ......................... बाबुको/आमाको सम्पर्क फोन नम्बर :............................ ............................................... सोतेलो बाबु/आमा भए नाम : ............................... ........... ठेगाना :..................................................................

सम्पर्क फोन नम्बर :.................................. बालबालिका हाल रहेको अभिभावक/आश्रितको नाम : ............................................... ठेगानाः............................................... सम्पर्क फोन : ..............................

**२) घटना सम्बन्धी विवरण :**

घटना भएको ठाऊँः ................................................................................

घटना उजुरी मितिः......................................... उद्धार मितिः ................................

घटना उजुर कर्ताको नाम : ................................................................ स्रोत :

सम्पर्क फोन : ...................................................................................

उद्धारमा सहयोगी-प्रहरी तथा सरकारी निकायहरू :.........................................................

उद्धारमा सहयोगी - गै.स.स., सामाजिक कार्यकर्ता वा अन्य : ..........................................

बालबालिकाको सहयोगको लागि तोकेको सेवा प्रदायकको (नाम र ठेगाना) :........................
....................................................................................................

३) बालबालिकाको अवस्था/स्थितिः

उद्धारको लागि प्राप्त भएका प्रारम्भिक सूचना :..........................................................

...........................................................................................................................

४) उद्धार कार्य प्रक्रियाः

क. उद्धार कार्यमा संलग्न सरकारी निकाय/गैसस तथा अन्यको नाम : ..............................

.............................................................................................................................

ख. उद्धार कार्यमा आएका समस्याहरू : .....................................................................

.............................................................................................................................

ख. उद्धार कसरी भयो र परिणाम के भयो ? ...................................................................

.............................................................................................................................

५) उद्धार पछिको प्रक्रियाहरूः

अभिलेखीकरण मितिः ..........................................................................................

क. सिफारिस गरिएको प्राथमिक सेवा प्रदायकको नाम : ...............................................

ख. आकस्मिक/आपत्कालीन सहयोगको विवरण(स्वास्थ्य, खाना तथा कपडा) :

.......................................................................................................................

ग. मनोसामाजिक स्थिति : .........................................................................................

घ. कानुनी सहयोगको विवरणः ...................................................................................

ङ. उद्धारको समयमा बालबालिकासँग भएका निजी सम्पत्ति/सामग्रीहरूको विवरणको सूचीः .....

.......................................................

च. घटनासँग संलग्न कागजातहरूको विवरणः..........................................................

अभिलेख गर्नेको नाम : ................................ हस्ताक्षर : ................................

.

*नोटः घटना व्यवस्थापन सम्बन्धी अन्य फारमहरू बाल संरक्षण घटना व्यवस्थापन सूचना प्रणाली (CPIMS) मा व्यवस्था गरिएको छ ।*

## बालबालिका सम्बन्धी ऐन, २०७५ को स्थानीय तहमा कार्यान्वयन गर्न



- प्रत्येक स्थानीय तहले बाल अधिकार संरक्षण तथा सम्बर्धन कार्यविधिको निर्माण
- बालकोषको स्थापना
- स्थानीय बाल अधिकार समितिको गठन
- बाल कल्याण अधिकारीको नियुक्ति
- समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण गरी परिचालन गरौ ।